# प्रशासनिक तथा न्यायिक जटिलताका कारण ऊर्जा, खाने पानी, सडक र विमानस्थल निर्माण आयोजनाको समय र लागतमा पर्ने असर सम्बन्धी

## अध्ययन प्रतिवेदन

अरूण तेस्रो जलविद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्ग निर्माण परियोजनासँग सम्बन्धित


नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं, नेपाल

फोन: +९७७-१-४२११९७०

फ्याक्स: +९७७-१-४२११७००

Email: npcs@npc.gov.np

# प्रशासनिक तथा न्यायिक जटिलताका कारण ऊर्जा, खानेपानी, सडक र विमानस्थल निर्माण आयोजनाको समय र लागतमा पर्ने असर सम्बन्धी

## अध्ययन प्रतिवेदन

अरूण तेस्रो जलविद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्ग निर्माण परियोजनासँग सम्बन्धित


**नेपाल सरकार**

**राष्ट्रिय योजना आयोग**

**सिंहदरबार, काठमाडौं, नेपाल**

**फोन: +९७७-१-४२११९७०**

**फ्याक्स: +९७७-१-४२११७००**

Email: npcs@npc.gov.np



**राष्ट्रिय योजना आयोग**, सिंहदरबार, काठमाडौं, नेपालका लागि **परामर्शदाता अधिवक्ता रितेश पौड्याल**द्वारा तयार गरिएको **प्रशासनिक तथा न्यायिक जटिलताका कारण ऊर्जा, खानेपानी, सडक र विमानस्थल निर्माण आयोजनाको समय र लागतमा पर्ने असर सम्बन्धी अध्ययन प्रतिवेदन** २०७८, असार।

# विषय सूची

## परिच्छेद- एक


१. परिचय ......................................................... ५

१.१. न्यायालय र विकासको वैचारिक अवधारणा ......................................................... ५

१.२. उद्देश्य ......................................................... ६

१.३. अनुसन्धान विधि ......................................................... ६

१.४. अनुसन्धानको सीमा ......................................................... ६


## परिच्छेद- दुई


२. राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय ......................................................... ७

२.१ अरूण तेस्रो जल विद्युत् आयोजनाको संक्षिप्त जानकारी ......................................................... ९

२.१.१ आयोजनाको परिचय ......................................................... ९

२.१.२ आयोजनाको कुल लागत ......................................................... १०

२.१.३ आयोजनाको वर्तमान अवस्था ......................................................... १०

२.२ काठमाडौं तराई मधेश द्रुतमार्ग निर्माण परियोजनाको संक्षिप्त जानकारी ........ ११

२.२.१ आयोजनाको परिचय ......................................................... ११

२.२.२ आयोजनाको कुल लागत ......................................................... १२

२.२.३ आयोजनाको वर्तमान अवस्था ......................................................... १३

२.३ विकास आयोजना सँग सम्बन्धित प्रमुख ऐन कानून ......................................................... १७

२.३.१ अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ ......................................................... १७

२.३.२ क्षतिपूर्ति ऐन, २०१९ ......................................................... १८

२.३.३ भूमि सम्बन्धी ऐन, २०२१ ......................................................... १८

२.३.४ गुठी संस्थान ऐन,२०३३ ......................................................... १८

२.३.५ जग्गा प्राप्ति ऐन, २०३४ ......................................................... १९

२.३.६ विद्युत् ऐन, २०४९ ......................................................... २०

२.३.७ वातावरण संरक्षण ऐन, २०७६ ......................................................... २०

## परिच्छेद - तीन


३. आयोजनाको वर्तमान अवस्था ..................................................................२२

३.१. अरूण तेस्रो जल विद्युत् आयोजनाको सम्बन्धित मुख्य विवाद.......................२२

३.१.१. आयोजनासँग सम्बन्धित मुद्दाहरूको विवेचना ..............................................२३

३.२. काठमाडौं तराई मधेश द्रुतमार्ग निर्माण परियोजनाको सम्बन्धित मुख्य विवादहरू.....२६

३.२.१. आयोजनासँग सम्बन्धित मुद्दाहरूको विवेचना............................................. २८


## परिच्छेद - चार


४. अध्ययन विश्लेषण .................................................................................. ३३

४.१ विकास आयोजनामा देखिएको चुनौती ................................................ ३३

४.२ विकास आयोजना प्रति अदालतको धारणा ...........................................३४


## परिच्छेद - पाँच


५. निष्कर्ष तथा सिफारिस ...........................................................................३६

५.१ निष्कर्ष...................................................................................................३६

५.२ सिफारिस ............................................................................................. ३७

# कानूनहरूको सूची

१. नेपालको संविधान, २०७२

२. अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३

३. क्षतिपूर्ति ऐन, २०१९

४. भूमि सम्बन्धी ऐन, २०२१

५. गुठी संस्थान ऐन,२०३३

६. जग्गा प्राप्ति ऐन, २०३४

७. विद्युत् ऐन, २०४९

८. वातावरण संरक्षण ऐन, २०७६

# मुद्दाहरूको सूची

**अरुण तेस्रो जलविद्युत् आयोजनासँग सम्बन्धित मुद्दा**

१. भारत नयाँ दिल्लीस्थित जिन्दल स्टील एण्ड पावर लिमिटेड विरूद्ध नेपाल सरकार जलस्रोत मन्त्रालय समेत, उत्प्रेषण मिश्रित परमादेश, मुद्दा नं २०६४ सालको रिट नं. - ०८५९, फैसला मिति २०६६।४।३२, सर्वोच्च अदालत

२. गोपाल सिवाकोटी विरूद्ध श्री ५ को सरकार समेत, उत्प्रेषण मिश्रित परमादेश, मुद्दा नं २०५० सालको रिट नं. - ३०४९, फैसला मिति २०५१।१।२५, सर्वोच्च अदालत

**तराई मधेश द्रुतमार्ग निर्माण परियोजनासँग सम्बन्धित मुद्दा**

१. का.जि.का.म.न.पा वडा नं १६ बस्ने अधिवक्ता पूर्णबहादुर कुँवर समते विरूद्ध सम्मानीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं, उत्प्रेषण/प्रतिषेध/परमादेश, मुद्दा नं ०७२-WO-०२८३, फैसला मिति २०७३।३।१६, सर्वोच्च अदालत

२. दिलिप पुतवार समेत बिरूद्ध जिल्ला प्रशासन कार्यालय ललितपुर समेत , ललितपुर महानगरपालिका २१ नं. वडा कार्यालय खोकना ⁄ ललितपुर महानगरपालिका २२ नं. वडा कार्यालय बुङ्गमती, उत्प्रेषण, मुद्दा नं ०७६-WO-०७४३, विचाराधीन रहेको, सर्वोच्च अदालत

३. मच्छे नारायण श्रेष्ठ समेत बिरूद्ध जिल्ला प्रशासन कार्यालय ललितपुर समेत, ललितपुर महानगरपालिका २१ नं. वडा कार्यालय खोकना ⁄ ललितपुर महानगरपालिका २२ नं. वडा कार्यालय, उत्प्रेषण, मुद्दा नं ०७६-WO-०७४४, विचाराधीन रहेको, सर्वोच्च अदालत

४. कृष्णशरण डंगोल समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिहंदरबार, काठमाडौं समेत, उत्प्रेषण परमादेश, मुद्दा नं ०७४-wo-०२०९, फैसला मिति २०७४।६।४, सर्वोच्च अदालत

# परिच्छेद- एक

# परिचय

### १.१. न्यायालय र विकासको वैचारिक अवधारणा

राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक एवं मानवीय विकासको लागि विकास योजनाहरूको तर्जुमा हुने गर्दछ। विकास आयोजनाहरूले उत्पादनका साधनहरू बढी उत्पादनशील क्षेत्रमा प्रवाह गरी राष्ट्रको समष्टिगत विकासलाई ध्यानमा राख्नुपर्दछ। जग्गा प्राप्ति, मुआब्जा वितरण, अन्तर्राष्ट्रियस्तरको निर्माण व्यवसायी तथा विज्ञको छनौट, वातावरणीय प्रभाव मूल्याङ्कन, स्थानीय विवाद लगायतका विभिन्न खाले प्रशासनिक एवम् न्यायिक जटिलताहरूको कारण नेपालका कुनै पनि ठूला विकास आयोजनाहरू पूर्वनिर्धारित समयतालिका र लागतमा सम्पन्न हुन सकेका छैनन्। सोही भावना अनुरूप नेपालको संविधान २०७२ को भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५०(३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र श्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य समावेश गरिएको छ।

यसै परिवेशमा हेर्दा अरूण तेस्रो जल विद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्ग विगत् लामो समय र लागतमा परेको असर, प्रभावको विश्लेषण गर्न आवश्यक रही आयोजनाको पूर्वनिर्माण चरणदेखि यस आ.व सम्म सञ्चालित हरेक ठेक्काहरूको लागि वार्षिकरूपमा विनियोजन भएको बजेट, भौतिक एवम् वित्तीय प्रगतिको लेखाजोखा गरी प्रशासनिक एवम् न्यायिक जटिलताको कारण कुन ठेक्काको कुन कार्यमा समस्या श्रृजना भएको हो सो को पहिचान गरी त्यसले समग्र आयोजनाको कार्यसम्पादनमा पारेको प्रभावको मूल्याङ्कन गर्न नितान्त जरूरी रहेको छ। यसो गरेमा विकास आयोजना कार्यन्वयनमा विवाद देखापर्न नदीन र विवादलाई शिघ्र समाधान गर्न आयोजनाहरूले लिनुपर्ने नीतिगत व्यवस्थाको विवेचना गरिने हुँदा यस अध्ययनले भविष्यमा तर्जुमा गरिने विकास आयोजनाहरूको सफल कार्यसम्पादनमा सहयोग पुग्नेछ र साथै न्यायालय र विकासको अवधारणा बुझ्नमा समेत मद्दत पुर्याउने छ।

नेपालको सन्दर्भमा हेर्ने हो भने ठूला पूर्वाधार परियोजनाहरूलाई चुनौती दिने गरी धेरै संख्यामा मुद्दाहरू दायर भएको देखिन्छ र यी मुद्दाहरू विशेषतः जबरजस्ती विस्थापन, अनुपयुक्त क्षतिपूर्ति र अपर्याप्त पुनर्स्थापना र पुनर्वासको उपायसँगै सम्बन्धित हुन्छन्। यस परिप्रेक्ष्यमा एकातर्फ विश्वव्यापीरूपमा स्वीकार्य दिगो विकासको अवधारणा र अर्कोतर्फ पूर्वाधार विकास परियोजनाहरूले निम्त्याउने जग्गा अधिग्रहण, वातावरणीय क्षय, स्थानीयवासीहरू बीचको द्वन्द्व, आदि समस्याहरूलाई सन्तुलनमा राख्न

न्यायपालिकाले खेलेको भूमिकाको समीक्षा गरिनु आवश्यक हुन्छ। न्यायपालिका र विकास आयोजनाको सन्दर्भमा गरिने यस्तो समीक्षा आफैंमा नवीन अभ्यास पनि हो। तसर्थ यस अध्ययन प्रतिवेदनले समग्र न्यायपालिकाको विकास आयोजनाहरू प्रतिको दृष्टिकोण र केही छनौट गरिएका विकास आयोजना (अरूण तेस्रो जल विद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्ग) सँग सम्बन्धित मुद्दाहरूमा अदालतले गरेको फैसला र त्यसले परियोजनामा परेको जटिलताको सम्बन्धमा विस्तृत विवेचना गरेको छ।

## १.२. उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य निम्नानुसार रहेको छ:

- अरूण तेस्रो जल विद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्ग परियोजनाको परिचय, लागत र हालको अवस्था बारे जानकारी दिदै यस सम्बन्धमा देखापरेका मुख्य विवादहरू पहिचान गर्ने;
- नेपालको विकास आयोजनाहरूमा न्यायालयको भूमिका बारे समीक्षा गर्ने।

## १.३. अनुसन्धान विधि

यस अध्ययनका क्रममा विभिन्न अध्ययन प्रतिवेदनहरूको समीक्षा गरिएको छ। त्यसैगरी पत्रपत्रिका एवं जर्नलमा प्रकाशित तथ्यहरू, विज्ञहरूको सुझाव, सम्बन्धित मन्त्रालय, प्राधिकरण, समिति र अन्य सरोकारवाला निकायबाट उपलब्ध भएको द्वितीय तथ्याङ्कहरूको प्रयोग गरिएको छ। विशेष गरी सर्वोच्च अदालतबाट प्राप्त भएको अरूण तेस्रो जल विद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्ग परियोजनासँग सम्बन्धित मुद्दाहरूको विस्तृत विश्लेषण गरिएको छ।

## १.४. अनुसन्धानको सीमा

- यस अध्ययनको क्रममा अरूण तेस्रो जल विद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्ग परियोजनासँग सम्बन्धित उपलब्ध भएका मुद्दाहरूको विवेचना गरिएको छ।
- बन्दाबन्दीको समयमा सीमित श्रोत, साधनको आधारमा यो प्रतिवेदन तयार पारिएको छ।
- यस प्रतिवेदनमा समावेश गरिएका सीमित मुद्दाहरूका आधारमा अध्ययनको विश्लेषण गरिएको छ।

# परिच्छेद- दुई

# राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय

नेपाल सरकारले आवधिक विकास योजनाका लक्ष्यहरू हासिल गर्ने उद्देश्यले सञ्चालित विकास आयोजना तथा कार्यक्रमहरूको प्राथमिकताक्रम तोक्ने कार्यलाई संस्थागत गर्दै नवौं योजनादेखि नै विकास आयोजना तथा कार्यक्रमहरूलाई विशेष प्राथमिकता प्राप्त (Core Projects) वा प्राथमिकता प्राप्त (Priority Projects) आयोजनाका रूपमा प्राथमिकीकरण गरी साधन विनियोजनलाई प्रभावकारी बनाउने कार्य प्रारम्भ गरिएको थियो ।[1] यसलाई त्यसपछिका आवधिक योजनाहरूले पनि कुनै न कुनै रूपमा निरन्तरता दिएका छन् । यसैक्रममा नेपाल सरकारले आ.ब. २०६८।६९ देखि प्रथम प्राथमिकताका १७ वटा र आ.ब. २०७०।७१ को बजेट वक्तव्यमार्फत अन्य ४ समेत थप गरी २१ वटा आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरेको छ ।[2]

नेपालमा आर्थिक साधनको विनियोजन दक्षता (Allocative efficiency) र विशेष महत्वका आयोजनाहरूलाई साधन सुनिश्चितताका लागि आयोजनाको प्राथमिकीकरणलाई आधारका रूपमा लिइएको छ । सीमित स्रोतलाई योजनाको लक्ष्यसँग प्रत्यक्ष आबद्ध गराई विकास व्यवस्थापनलाई नतिजामुखी बनाउन आयोजना प्राथमिकीकरणको महत्व रहन्छ । यही महत्वलाई दृष्टिगत गरी दशौं योजनाको प्रारम्भदेखि लागु गरिएको मध्यवधि खर्च संरचना (Medium Term Expenditure Framework-MTEF) को एक प्रमुख विशेषताका रूपमा आयोजना प्राथमिकीकरण (Project prioritization) लाई थप संस्थागत गरिएको देखिन्छ ।[3]

यस अनुरूप आवधिक योजनाका उद्देश्य हासिल गर्न पुर्याउने योगदानका आधारमा निश्चित आधारहरू प्रयोग गरी कुनै आर्थिक विकास कार्यक्रममा प्रवेश पाउने आयोजनाहरूलाई प्रथम प्राथमिकता प्राप्त (पि १), दोस्रो प्राथमिकता प्राप्त (पि २) र तेस्रो प्राथमिकता प्राप्त (पि ३) मा वर्गीकरण गरी साधन विनियोजन गर्ने परिपाटी बसाइएको थियो ।[4] कुनै पनि आयोजनाहरूको प्राथमिकीकरण गर्नका लागि यी आधारहरू रहेका छन् ।[5]

---

1 राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा प्रगति, राष्ट्रिय योजना आयोगको सचिवालय अनुगमन तथा मूल्याङ्कन महाशाखा, आश्विन, २०७२ को पृष्ठभूमिबाट साभार गरिएको ।

2 ऐ.ऐ. पृ २

3 Ashutosh Mani Dixit, National Study/Paper, Infrastructure Finance Strategies for Sustainable Development in Nepal, February 2017, p.3.

4 Ibid, para 4

5 राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा प्रगति, राष्ट्रिय योजना आयोगको सचिवालय अनुगमन तथा मूल्याङ्कन महाशाखा, मङ्सिर, २०७० को पृष्ठभूमिबाट साभार गरिएको ।

(१) गरिवोन्मुख र फराकिलो आर्थिक वृद्धिलाई पुयाउने योगदान

२) शान्ति प्रवर्द्धनमा पुर्याउने योगदान

३) सहस्राब्दी विकास लक्ष्यमा पुर्याउने योगदान

४) समावेशीकरण तथा लैङ्गिकीकरणमा पुर्याउने योगदान

५) उत्पादनमूलक रोजगारीमा पुर्याउने योगदान

६) सहभागिता

७) भौतिक पूँजी निर्माणमा पुर्याउने योगदान

८) वातावरणीय दिगोपनामा पुर्याउने योगदान

९) आयोजनाको विगतको उपलब्धी, स्थिति र सम्पन्न हुन बाँकी अवधि ।

अरूण तेस्रो जल विद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्गलाई यिनीहरूको उद्देश्य हासिल गर्न निश्चित आधारहरू प्रयोग गरी आर्थिक विकास कार्यक्रममा प्रवेश गराउने उद्देश्यले यी आयोजनाहरूलाई प्रथम प्राथमिकता प्राप्त (पि १) मा वर्गीकरण गरी साधान विनियोजन गरिएको छ । यी आयोजनाहरू विगत लामो समय र लागतमा परेको असर, प्रभावको विश्लेषण गर्न आवश्यक रही आयोजनाको पूर्वनिर्माण चरणदेखि यस आ.व. सम्म सञ्चालित हरेक ठेक्काहरूको लागि वार्षिकरूपमा विनियोजन भएको बजेट, भौतिक एवम् वित्तीय प्रगतिको लेखाजोखा गरी प्रशासनिक एवम् न्यायिक जटिलताको कारण कुन ठेक्काको कुन कार्यमा समस्या श्रृजना भएको हो सोको पहिचान गरी त्यसले समग्र आयोजनाको कार्यसम्पादनमा पारेको प्रभावको मूल्याङ्कन गर्न नितान्त जरूरी रहेको छ ।

तसर्थ यस अध्ययन प्रतिवेदनले समग्र न्यायपालिकाको विकास आयोजनाहरू प्रतिको दृष्टिकोण र केही छनौट गरिएका विकास आयोजना (अरूण तेस्रो जल विद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्ग) सँग सम्बन्धित मुद्दाहरूमा अदालतले गरेको फैसला र त्यसले परियोजनामा परेको जटिलताको सम्बन्धमा विस्तृत विवेचना गरेको छ ।

## २.१ अरुण तेस्रो जलविद्युत् आयोजनाको संक्षिप्त जानकारी

### २.१.१. आयोजनाको परिचय

अरूण नदीमा निर्माणाधीन यस अरूण तेस्रो जल विद्युत् आयोजनाको इतिहास लामो छ। सन् १९८५ मा पूर्वी नेपालमा रहेको अरूण नदीको सम्भवयता अध्ययन गर्न एक जापनिज टोली नेपाल आएको थियो। त्यसैको अध्ययनलाई आधार मानि पञ्चायत सरकारले ४०२ मेगावाटको परियोजना बनाउने निर्णय भए पनि पछि लागत घटाउन भन्दै यसको क्षमता २०१ मेगावाटमा झारिएको थियो। त्यस बखत यो परियोजना निर्माण भएको भए यसको लागत १ अर्ब १० करोड अमेरिकी डलर हुने थियो।[6] यस आयोजनाको अत्यधिक लागतका कारण पञ्चायत कालको अन्त्यमा आएर सन् १९८९ तिर यसको तीब्र बिरोध हुन थाल्यो। त्यसपश्चात सन् १९९० मा अरूण तेस्रो आयोजनाको जिम्मा विश्व बैङ्कलाई दिइएको थियो। विश्व बैङ्कले आयोजनाको जिम्मा पाएपश्चात आयोजना प्रभावित क्षेत्रका केही स्थानहरूमा बैङ्कले मुआब्जा समेत प्रदान गर्दै आइरहेको भए तापनि विभिन्न समयमा भएको राजनैतिक परिर्वतन तथा आयोजना निर्माणमा खडा गरिएको अवरोधका कारण विश्व बैङ्कले आयोजनालाई निरन्तरता दिन सकेन।

त्यस पश्चात वि.स २०६५ सालमा भारतिय कम्पनीले उक्त आयोजनाको लागि विश्व बैङ्कले गरेको लगानी नेपाल सरकारलाई फिर्ता गर्ने सम्झौता भएपश्चात पुनः आयोजनाले निरन्तरता पाएको थियो। भारतीय कम्पनीले २०६६ सालमा नेपाल सरकारबाट अरूण तेस्रोको सर्वेक्षण अनुमति समेत प्राप्त गरी वि.स २०७१ सालको मङ्सिर महिना १० गते आयोजना विकास सम्झौता (पीडीए) भएको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदिको नेपाल भ्रमणको बेला २०७५ सालको बैशाख २८ गते नेपालका प्रधानमन्त्री के.पी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदिले काठमाण्डौं बाट यस आयोजनाको शिल्यान्यास गरेका थिए। आयोजना निर्माण गर्ने ठेक्का भारतको सतलज हाइड्रो कम्पनीले (Satluj Jal Vidyut Nigam) (SJVN) **(यसपछि "शतलज कम्पनी" भनिएको)** पाएको थियो।

हाल उक्त ठेकदार कम्पनीले अरूण तेस्रो पावर डेभलपमेन्ट कम्पनी स्थापना गर्दै आयोजनाको बाँध मकालु गाउँपालिका वडा नं ३ र ५ तथा विद्युत् गृह सोही गाउँपालिकाको वडा नं ३ मा रहने प्रबन्ध मिलाएको छ। त्यस कम्पनीले पाएको अनुमति अनुसार २२५ मेगावाट क्षमताको ४ वटा टर्वाइन मार्फत ९०० मेगावाट विद्युत् उत्पादन गर्नेछ। पीडीए भएको २ वर्ष भित्र आयोजना निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोत व्यवस्था गर्नुपर्ने प्रावधान रहेको थियो। स्थानीय बासिन्दाले रोजगार पाउने तथा

---

[6] अरूण तेश्रो जल विद्युत् आयोजनाको विस्तृत विवरण, Arun III Hydro, GoLectures, available at https://www.golectures.com/index.php?go=search&

आयोजनाको स्थलसम्म सडक निर्माण हुने बाटोमा पर्ने गाउँहरूले विकासको अनुभूति गर्न पाउने देखिन्छ तथापि पीडीए मा रहेको अन्य प्रावधान जस्तै नेपालले २२ प्रतिशत मात्र निःशुल्क बिजुली पाउने र सो बाहेकको आवश्यक परेको खण्डमा खरिद गर्न सक्ने प्रावधानले स्थानीय बासीको असहमति, असन्तुष्टि पैदा भएको छ । यस आयोजनाको निर्माण हाल एस जेभियन अरूण ३ पावर डेभलपमेन्ट प्रा.लि ले गरिरहेको छ । ९०० मेगावाट क्षमता रहेको यस आयोजनाको निर्माणाधिन रहेको ट्रास्मिसन लाइन २१७ कि.मि को हुनेछ । पीडीएमा उल्लेख भएबमोजिम बिजुली उत्पादन सुरू भएको २५ वर्षपछि आयोजना नेपालको हुनेछ ।

### २.१.२. आयोजनाको कुल लागत

संखुवासभा जिल्लामा पर्ने अरूण तेस्रो जल विद्युत् आयोजनाको कुल अनुमानित लागत एक खर्ब चार अर्ब रूपैयाँ रहेको छ । वि.स २०७१ सालमा लगानी बोर्ड र भारतीय सरकारको स्वामित्वको सतलज कम्पनीबीच अरूण तेस्रो जल विद्युत् निर्माणका लागि आयोजना विकास सम्झौता (पीडीए) भएको थियो ।[7] एक खर्ब ४ अर्ब रूपैंया कुल अनुमानित लागत रहेको अरूण तेस्रो आयोजनाबाट उत्पादित कुल विद्युत्को २१ दशमलब ९ प्रतिशत अर्थात १९८.१ मेगावाट बिजुली निःशुल्क उपलब्ध गराउने व्यवस्था पीडीएमा रहेको छ । तर, आयोजना सम्पन्न भएपछि नेपाल सरकारले आयोजनालाई प्रतिमेगाबाट ५० लाख रूपैंयाका हिसाबले एकमुष्ठ चार अर्ब ५० करोड रूपैंया आयोजनालाई दिनुपर्ने शर्त रहेको छ ।[8] दुई पक्ष बिच भएको पीडीए अनुसार भारतीय कम्पनीले १० वर्षसम्म शतप्रतिशत नै आयकर छुट पाउने, त्यसपछि थप ५ वर्ष नेपाल सरकारले ५० प्रतिशत आयकर छुट दिनुपर्ने, आयोजनाका लागि आयात गरिने सिमेन्ट, रड तथा स्टिलजन्य सामग्री खरिद गर्दा भन्सारमा ५० प्रतिशत छुट दिइने व्यवस्था रहेको छ ।

### २.१.३ आयोजनाको वर्तमान अवस्था

अरूण तेस्रो जल विद्युत् आयोजना नेपालमा हालसम्म निर्माण भएको सबैभन्दा ठूलो पूर्वाधार आयोजना हुनुपर्ने थियो, जसले २०१२ मेगावाट बिजुली प्रदान गर्ने र १२२ माईल खडकको पहुँच निर्माण गर्ने लक्ष्य राखेको थियो । उक्त आयोजनाको लागि अनुमानित ६४६४ मिलियन डलर खर्च हुने र एक दशकमा पुरा गर्ने लक्ष्य राखिएको थियो । हाल भारतीय सरकारको स्वामित्वको सतलज जल विद्युत् कम्पनीले सम्पूर्ण जिम्मा लिएको छ । यस अघि अरूण तेस्रो जल विद्युत् परियोजना विश्व बैंकले लगानी गर्ने सम्झौता भएको थियो ।

---

7 https://www.onlinekhabar.com/2014/11/211118 , के छ अरूण तेस्रो सम्झौतामा ?, २०७१ मंसिर १० मा प्रकाशित ।

8 ऐ.ऐ.

वि.स २०५० देखि २०५२ सालको अवधिमा नेपालमा प्रजातन्त्रले आफ्नो खुट्टामा उभिन संघर्ष गरिरहेको अवस्थामा अरूण विवादको उचाई राजनैतिक अस्थिरतासँग अड्किएको थियो। नेपालको राजनैतिक अस्थिरता, स्थानियको बाधा अवरोध पश्चात पछिल्लो पटक सार्क शिखर सम्मेलनको मौका पारेर अरूण तेस्रोको पीडीए भएता पनि कहिले राजनितिक दलहरूको विरोध, कहिले स्थानियबासीको मुआब्जा त कहिले वित्तीय स्रोत जुटाउने चुनौतिका कारण विगत लामो समयसम्म उक्त आयोजना निर्माण हुने निश्चित भएको थिएन।

हालको अवस्थाको कुरा गर्दा तीब्र रूपमा काम सुरू भई विभिन्न तबरबाट चरणबद्ध रूपमा कामहरू भइरहेका छन्। यद्यपि अरूण तेस्रो जलविद्युत्को आयोजनाको कार्यालयमा वेलाबखत अज्ञात समूहले बम आतंक सृजना गर्ने, विस्फोटक उपकरण स्थापना गर्ने जस्ता क्रियापलाप हुने गरेका छन्।[9]

## २.२ काठमाडौं तराई मधेश द्रुतमार्ग निर्माण परियोजनाको संक्षिप्त जानकारी

### २.२.१ आयोजनाको परिचय

यस आयोजनालाई नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले ०७४ वैशाख २१ मा निर्णय गर्दै भौतिक मन्त्रालयले ०७४ साउन २७ मा सेनालाई आयोजना हस्तान्तरण गरेको थियो। सो पश्चात नेपाली सेनाले वि.स २०७४ जेठबाट द्रुतमार्ग निर्माण एवं व्यवस्थापनको जिम्मेवारी लिएको थियो। नेपाली सेनाले निर्माण व्यवस्थापनको जिम्मेवारी प्राप्त गरेपश्चात मिति २०७६ भदौ १ गते नेपाल सरकारको निर्णयानुसार विस्तृत आयोजना प्रतिवेदन **(यसपछि डीपीआर भनिएको)** स्वीकृत भएको थियो। उक्त डीपीआर अनुसार यस आयोजनाको अनुमानित लागत रू १७५ अर्ब रहेकोमा आ.व ०८०।८१ मा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखि निर्माण कार्यलाई हालको मितिसम्म पनि तदारूकताका साथ सञ्चालन गरिरहेको छ।

काठमाडौं उपत्यकालाई तराईसँग सडक सञ्जालमा जोड्ने सबैभन्दा छोटो ७६ किमी दूरीको मुलुकको आर्थिक विकासको मेरूदण्ड मानिएको द्रुतमार्ग निर्माण आयोजनालाई नेपाली सेनाले इतिहास रच्ने ठूलो अवसरका रूपमा लिएको यस आयोजनालाई नेपाली सेनाले द्रुतमार्गअन्तर्गत महादेवटार ३.३५५ किमि, धेद्रे १.६३० र लेनडाँडामा १.४३० किमि सुरूङ निर्माण गर्नुपर्नेछ।पाँच स्थानबाट एकैसाथ काम अघि बढाइसकिएको प्रमुख सेनानीले जानकारी दिनुभयो। मंसिर १० गते संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा खोकना र बुङ्मतिका स्थानीय र सरोकारवालाबीच भएको बैठकमा स्थानीयहरूले कुदेश खण्डमा उत्खननको क्रममा फेला परेको पुरातात्विक महत्वका स्थान र सामाग्रीको संरक्षण गर्न

[9] जुन १३, २०१८, द हिमालयन टाइम्स।

समितिले सरकारको ध्यानाकर्षण गराउन आग्रह गरेका थिए । त्योभन्दा पहिला समितिका सदस्यहरूले खोकना र बुङमतिको विवादस्पद क्षेत्रको निरीक्षण गरेको थिए ।

काठमाडौंबाट निजगढसम्म पर्ने द्रुत मार्ग आयोजनामा कूल तीन वटा सुरूङ मार्ग बन्ने छन् । जस अन्तर्गत महादेवटार (३ दशमलव ३५५ किमी), धेद्रे (१ दशमलव ६३ किमी) र लेनडाँडाँमा (१ दशमलव ४३ किमी) सुरूङ निर्माण गर्ने तयारी छ । सो द्रुतमार्ग निर्माणका लागि हालसम्म अनुमानित लागत १ खर्ब ७५ अर्ब रूपैयाँ छ । यो द्रुतमार्ग आयोजनाको निर्माण आर्थिक वर्ष २०८१ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

यी तीन सुरूङको कूल दुरी ६ दशमलव ४१ किलोमिटर रहनेछ । हाल सुरूङ निर्माणका लागि पूर्व योग्यता मूल्याङ्कन गरी कम्पनी छनोट भएसँगै अन्तर्राष्ट्रिय बोलपत्र आह्वानको प्रक्रिया अघि बढेकोले यस बीचमा कुनै व्यवधान नभए आगामी चार वर्ष भित्रमा सुरूङ निर्माणको काम सम्पन्न गर्न सकिने सेनाले जनाएको छ ।नेपाली सेनाले आवेदन दिएका अधिकांश कम्पनीले मापदण्ड नपुर्याएको भन्दै पहिलो प्याकेजमा चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन र पोली चङ्दा इन्जिनियरिङ कम्पनी र दोस्रो प्याकेजमा पोली चङ्दा इन्जिनियरिङ कम्पनी छानेको छ जसको व्यापक विरोध भइरहेको छ । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले काठमाडौं तराई मधेस द्रुतमार्गमा सुरूङ निर्माणको दोस्रो प्याकेजको प्रि क्वालिफिकेसन (पीक्यू) प्रक्रिया रद्द गर्न रक्षा मन्त्रालयलाई निर्देशन दिएको छ ।[10]

राष्ट्रिय गौरवका आयोजनामध्ये सर्वाधिक चासो दिएर हेरिएको ७२.६ किलोमिटर लम्बाइको उक्त राजमार्गको निर्माणले नेपालको आर्थिक विकासमा कायापलट ल्याउने विश्वास गरिएको छ । द्रुतमार्गमा रहने ठूला-साना ८७ पुलमध्ये विशेष प्रकारका १६, ठूला ४९ र साना २५ पुल छन् । उक्त राजमार्गले ललितपुरमा ७.७, काठमाडौंमा चार, मकवानपुरमा ५३.२ र बारामा ७.६ किलोमिटर क्षेत्र समेट्नेछ । सेनाले जटिल मानिएका ठूला १६ पुलको निर्माण आगामी २०७७ सालको पुसमा शुरू गर्नेछ भने तीबाहेकका अरु पुलको निर्माण आगामी भदौदेखि शुरू गर्ने बताइएको छ । उक्त मार्गमा ९९ कल्भर्ट निर्माण हुनेछन् ।

### २.२.२ आयोजनाको कुल लागत

नेपाली सेनाको व्यवस्थापनमा ७२.५ किमि सुरूङमार्ग निर्माण जारी छ । राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको द्रुतमार्ग आर्थिक वर्ष २०८०।८१ सम्म सक्नुपर्ने कार्यतालिका भएपनि भौतिक प्रगति भने

---

10 https://ekantipur.com/business/2021/04/02/161732657802489934.html, फास्ट ट्र्याकको सुरूङ ठेक्का विवादः दोस्रो प्याकेजको पीक्यू प्रक्रिया रद्द गर्न लेखा समितिको निर्देशन, प्रकाशित मिति चैत २०,२०७७ ।

१२ प्रतिशत मात्र छ ।[11] आयोजनाको डीपीआर (विस्तृत परियोजना प्रतिवेदन) २०७६ भदौ १ गते मन्त्रिपरिषदको ढिलासुस्ती कारण समयमै डीपीआर तयार नभएकोले काम थाल्न केही ढिला भएको सेनाको गुनासो रहँदै आएको छ । यसका अतिरिक्त रक्षा मन्त्रालयले गत आ.व २०७६।७७ मा ५ महिना बाँकी छँदै काठमाडौं तराई द्रुतमार्गको पुरै बजेट खर्च गर्न नसकिएको तथा अन्य गौरवका आयोजनाको तुलनामा बढी प्रगति भइरहेको भएता पनि यो आयोजनाका लागि छुट्याइएको १५ अर्ब रूपैयाँमध्ये ७ अर्ब मात्र खर्च गर्न सकिने बताइएको छ ।

### २.२.३ आयोजनाको वर्तमान अवस्था

मक्खुबेंसी, कुलेखानी, लेडडाँडा, बुदुने र निजगढमा शिविर खडा गरेर रूख कटान गर्ने र हटाउने, सडकको रेखाङ्कन गर्ने र सडक निर्माण गर्ने कार्यलाई अघि बढाइएको छ । त्यस क्रममा निजगढमा सात किमी क्षेत्रमा २७ मि फराकिलो द्रुत मार्गले एउटा आकार लिइसकेको छ ।

नेपाली सेनाको प्रत्यक्ष व्यवस्थापनमा एसियाली राजमार्ग डिजाइन मापदण्ड १९९३ अनुसार निर्माण हुने राष्ट्रिय गौरवको यो आयोजनाले विभिन्न व्यवधानका बाद हाल आएर गति पक्डेको छ जसबाट यसको समयसीमा भित्र निर्माण सम्पन्न हुने सम्भावनामा गुणात्मक वृद्धि भएको छ । ७२.५ कि.मी. लामो यो आयोजना बागमती र नम्बर २ प्रदेशका चारवटा जिल्लाहरू (ललितपुर-काठमाडौं-मकवानपुर-बारा) हुँदै निजगढलाई अन्तिम बिन्दुको रूपमा प्रस्ताव गरिएको छ । लामो समय सम्म डीपीआर उपलब्ध नहुनु र उपलब्ध भइ सके पछी पनि स्वीकृती हुन नसक्नु तथा अन्तराष्ट्रिय परामर्शदाताको छनौटमा हुन गएको ढिलाई तथा कोभिड-१९ का कारण आशातित गतिमा अघि बढ्न नसकेको यो आयोजनाले अब अन्तराष्ट्रिय परामर्शदाता र सम्बद्ध टिमको आगमन एवं जटील पाटोको रूपमा रहेको सुरूङ्ग मार्गको लागि कम्पनिहरूको Shortlisting को लागि मुल्याङ्कन कार्य का साथै गति पक्डेको छ ।[12]

आ.ब. ०७६/७७ मा २० वटा NCB (National Competitive Bidding) Packages र १ वटा ICB - International Competitive Bidding_ Package अन्तर्गत ठेक्का वन्दोवस्त भएको मा NCB Packages अन्तर्गत सुरूङ्ग मार्ग निर्माण कार्यको लागि आवश्यक हुने Geophysical & Geotechnical Investigation सम्बन्धी ठेक्का वन्दोवस्त एवं बेलीवृज Abutment निर्माण, बृक्षारोपण कार्य, आयोजनाको लागि आवश्यक उपकरण तथा सामाग्री खरिद लगायतका ठेक्का वन्दोवस्त गरिएको थियो । ICB ठेक्का वन्दोवस्त अन्तर्गत आयोजनाको डिजाइन तथा कन्स्ट्रक्शन सुपरभिजनको लागि

11 https://ekantipur.com/news/2021/03/28/161689541262445937.html, काठमाडौं तराई द्रुतमार्गः खोकना छाडेर निजगढतर्फ काम, प्रकाशित मिति चैत १५, २०७७ ।

12 काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजनाको प्रगति विवरणबाट साभार गरिएको ।

अन्तर्राष्ट्रिय परामर्शदाता M/S YOOSHIN Engineering Corporation, Korea JV  छनौट भई  मिति २०७७/०२/०२ गते ठेक्का सम्झौता भए अनुसार मिति २०७७/०३/३१ गते (July 15 2020) Commencement  भई कार्य सुचारू गरिएको छ ।

पुल निर्माण सम्बन्धी ६ वटा  NCB (National Competitive Bidding) प्याकेज अन्तर्गत Geotechnical Investigation कार्यको लागि आवश्यक राष्ट्रिय परामर्शदाता छनौट गर्न EOI (Expression of Interest) मूल्याङ्कन कार्य सम्पन्न गरी सुचिकृत हुन सफल भएका (Short Listed) परामर्शदाताहरूवाट RFP (Request For Proposal) माग गरिएकोमा मिति २०७७।५।२५ गते खोलुवा भई मूल्याङ्कनको क्रममा रहेको छ ।

ललितपुरको खोकनातर्फ भने जग्गाको विवाद अझै टुंगिसकेको छैन। अहिलेसम्म ८४ प्रतिशत जग्गाधनीले मात्र मुआब्जा बुझेका छन। १६ प्रतिशतले अझै बुझेका छैनन। खोकनातर्फ रेखांकनमा परेका स्थानमा स्थानीयको विवादका कारण काम अघि नबढेको र विवाद समाधानको पहल भइरहेको आयोजनाले जनाएको छ। त्यस्तै रुख काट्ने र रोप्ने काम पनि सकिएको छैन।[13]

समिति सचिवका अनुसारे, “फास्ट ट्र्याकको दुईवटा प्याकेजको टेण्डर आह्वानको लागि प्रि-क्वालिफिकेसनबाट छनोट भएका पहिलो प्याकेजमा दुई वटा र दोस्रो प्याकेजमा एउटा मात्रै कम्पनी छनौट भएको अवस्थामा प्रतिस्पर्धा हुन नसक्ने स्थिति पैदा भएको दोस्रो प्याकेज रद्द गरेर पुनः प्रि-क्वालिफिकेसन प्रक्रिया सुरू गर्न लेखा समितिले निर्देशन दिएको छ ।”[14]

यस आयोजनाको लागि चालु आ.व .०७७।७८ को पुँजीगत तर्फ ८ अर्ब ८४ करोड र चालु तर्फ ९ करोड ८४ लाख गरी जम्मा ८ अर्व ९३ करोड ८८ लाख बजेट विनियोजन भएको छ । यसका साथै आ.व २०७७।७८ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजनाको अवस्थामा चित्रण गर्दा निम्न मुख्य क्रियाकलापहरूलाई समेटिएको छ ।

(क) सुरूङ्ग मार्ग प्याकेजको ठेक्का व्यवस्थापन भई कार्य सुचारू हुने छ ।

(ख) ४ कि.मी. ढुङ्गा-माटोको कार्य (फर्मेशन लेभलसम्म निर्माण हुने) छ ।

(ग) ८०७ रोपनी जग्गा अधिग्रहण/प्राप्ति गरिने छ ।

(घ) ११५० वटा रूख कटान गरिने तथा वृक्षारोपण कार्य सुचारू राखिनेछ ।

---

13 https://ekantipur.com/business/2020/12/15/160799668375765613.html

14 https://www.karobardaily.com/news/134043 द्रुतमार्ग दोस्रो प्याकेजको ठेक्का रद्द गर्न निर्देशन, प्रकाशित मिति चैत्र २०, २०७७

## आ.व. २०७७।७८ को माईलस्टोन अनुसारको दोश्रो चौमासिकसम्मको प्रगति विवरण

| मुख्य क्रियाकलाप | माइलस्टोन | लक्ष्य | उपलब्धीहरू |
|---|---|---|---|
| **क्रियाकलाप १: अनुसन्धान । परामर्शदाता आगमन** ( अनुसन्धान । परामर्श, आयोजना व्यवस्थापन विस्तृत सर्वेक्षण, डिजाइन तथा सुपरिवेक्षण कार्यको लागि परामर्शदाता) | १.१ अन्तर्राष्ट्रिय परामर्शदाताबाट कार्य प्रारम्भ | २०७७ श्रावण | • अन्तराष्ट्रिय परामर्शदाता (Yooshin JV) को Team Leader, 9*Korean Expert नेपाल आएको र Local Associates का विषय विज्ञहरू समेतको टोलीद्वारा आयोजनाको फिल्ड सर्भेको काम सुचारू गरिएको |
| | १.२ सुरूङ मार्ग प्याकेज नं.१ ( महादेवटार) र प्याकेज नं.२ ( लेनडाडा र धेद्रे) को बोलपत्र आव्हान | २०७७ मंसिर | • सुरूङ निर्माण सम्बन्धी Geotechnical तथा Geophysical Investigation कार्यको लागि राष्ट्रिय परामर्शदाता छनौट भई कार्य सुचारू गरिएकोमा कार्य सम्पन्न भई Final Report प्राप्त भएको<br>• Geotechnical Investigation अन्तगर्त महादेवटार (९), धेद्रे(५) र लेनडाँडा(४) गरी कुल १८ गोटा Bore Holes Drilling गर्ने कार्य सम्पन्न भई Log Sample हरू Test गरिएको र Final Report समेत सम्पन्न भएको |
| | १.३ सुरूङ मार्ग ठेक्का सम्झौता सम्पन्न गरी मोबिलाईजेशन सहित सुरूङ मार्ग निर्माण कार्य सुरू | २०७८ जेष्ठ | • सुरूङ मार्ग निर्माणको लागि अन्तर्राष्ट्रिय निर्माण व्यवसायी छनौट गर्न पूर्व योग्यता निर्धारणको सूचना (मिति २०७६।११।३० गते) प्रकाशित भए अनुरूप मिति २०७७।५।३० गते Pre-Bid Meeting भई मिति २०७७।६।१४ गते Bid Submission भएकोमा मिति २०७७।९।९ गते मूल्याङ्कन कार्य सम्पन्न गरी मिति २०७७।९।१० गते Short Listed कम्पनीहरूको सूचि प्रकाशन गरिएको। साथै, EPC Model मा फाल्गुण ०४ गते बोलपत्र आव्हान गरिएकोमा मिति २०७७।१२।०३ गते Pre-Bid Meeting भएको |

## आ.व. २०७७।७८ को माईलस्टोन अनुसारको दोश्रो चौमासिकसम्मको प्रगति विवरण

| मुख्य क्रियाकलाप | माइलस्टोन | लक्ष्य | उपलब्धीहरू |
|---|---|---|---|
| | २.१ सडक निर्माणको लागि ढुङ्गा माटो कटिङ तथा फिलिङको कार्य (४ कि.मी) | २०७७ माघ र जेष्ठ | • नेपाली सेनाको संलग्नतामा (NA Package) एवं राष्ट्रिय निर्माण व्यवसायी (NCB Package ) अन्तर्गत ११ वटा प्याकेजहरूबाट निर्माण कार्य सञ्चालन गरी कार्य सम्पादन गरिएको |

| | | | |
|---|---|---|---|
| | | | • सोही अनुरूप ४ कि.मी (ढुङ्गा माटो फर्मेशन लेभलसम्म) कार्य अन्तर्गत ढुङ्गा माटोको कटिङ तथा फिलिङ १.५ कि.मी खण्डमा कार्य सम्पन्न भएको |
| क्रियाकलाप २ः सार्वजनिक निर्माण | २.२. ११५० रूख कटान गर्ने | २०७७ फाल्गुण | • वार्षिक लक्ष्य अनुरूप हालसम्म ८५७ वटा रूख कटान गर्ने कार्य सम्पन्न गरिएको<br>• बुढुने ईलाकामा पुल निर्माण हुने स्थानमा रहेका १५६ रूख कटान तथा घाटगद्दी गर्ने जारी रहेको<br>• वार्षिक लक्ष्य बमोजिम यस आ.व.मा १३७ वटा रूखहरू कटान गर्नु नपर्ने देखिएको<br>• रूख कटान भए अनुसार १:२५ को अनुपातमा बृक्षारोपण कार्य गर्दै जाने योजना मुताविक चालु आ.व.को हालसम्म फलफुलका विरूवाहरू १९०२२ र अन्य प्रजातिका विरूवाहरू १५७४९४ गरी कुल जम्मा १७६५१६ वृक्षारोपण गरिएको |
| | २.३ जग्गा प्राप्तिः द्रुतमार्गको लागि आवश्यक पर्ने बाँकी जग्गा प्राप्ति | २०७७ चैत्र | • मकवानपुर जिल्लाको ९९ रोपनी जग्गाको मुआब्जा रकम वितरण गर्ने कार्य सम्पन्न भएको<br>• मिति २०७५।९।१२ गते मकवानपुर जिल्लाको सूचना प्रकाशित ३३७-३-३-३ रोपनी जग्गाको सम्बन्धित जग्गाधनीहरूलाई मुआब्जा रकम वितरण गर्ने कार्य सम्पन्न भएको<br>• मिति २०७७।८।२४ गते जि.प्र.का.को निर्णय बमोजिम काठमाडौं जिल्लाको दक्षिणकाली न.पा वडा नं ८ केराबारी क्षेत्रको ७-१०-०-० जग्गा अधिग्रहणको मुआब्जा रकम तथा घर गोठ र शौचालयको क्षतिपूर्ति रकम वितरण गरिएको<br>• खोकना-बुङमती इलाकाको रेखाङनमा पर्ने जग्गा मुआब्जा। अधिग्रहणको सम्बन्धमा श्री राष्ट्रिय योजना आयोगको संयोजकत्वमा मिति २०७७।९।१७ गते समन्वय उप-समिति गठन भई समस्या समाधानार्थ पहल भइरहेको<br>• हालसम्म मुआब्जा वितरण बाँकी जग्गा ४४१ रोपनी रहेको |

**वार्षिक एवं समष्टिगत वित्तीय प्रगति (२०७७ फाल्गुण महिनासम्म)**

| सि.नं | वितरण | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ |
|---|---|---|---|---|---|---|
| १. | विनियोजित बजेट (अर्ब) | १.३५ | १०.१३ | १५.३९ | १५.०० | ८.९३ |
| २. | संशोधन विनियोजित बजेट (अर्ब) | १.३५ | ८.६ | ५.९७ | ४.४६ | - |
| ३. | खर्च रकम (अर्ब) | १.३४ | ७.६३ | ५.७३ | १.९६ | १.७० |
| ४. | वित्तिय प्रगति (प्रतिशत) | ९९.२५ | ९५ | ९६.४३ | ४४.०५ | १९.१२ |
| ५. | जम्मा खर्च (अर्ब) | १.३४ | ८.९७ | १४.७० | १६.६६ | १८.३६ |

## २.३ विकास आयोजनासँग सम्बन्धित प्रमुख ऐन कानून

### २.३.१ अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३

यस ऐनको दफा ३ अनुसार कुनै सार्वजनिक कामको निमित्त नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लागि कुनै अचल सम्पत्तिको आवश्यकता परेको छ वा पर्ने सम्भावना छ र त्यसलाई अधिग्रहण गर्नु पर्दछ भन्ने लागेमा नेपाल सरकारले सम्बन्धित सम्पत्ति धनिले सो सम्पत्ति नेपाल सरकारबाट अधिग्रहण गर्न नहुने कारण भएमा कारण समेत खोली सूचना पाएको ३५ दिन भित्र भएको बेहोरा नेपाल सरकारमा पेश गर्न आउनु भनी सो सम्पत्ति धनी वा त्यसलाई चलन गर्ने अरू कुनै व्यक्तिका नाउँमा लिखित सूचना दिनु पर्दछ भनी उल्लेख गरेको छ। सम्पत्ति चलन गर्ने वा त्यसमा दावा वा सरोकार भएका कुनै व्यक्तिले कुनै कारण देखाएको भए सो विचार गरेपछि सम्पत्ति अधिग्रहण गर्नु उचित वा आवश्यक छ भन्ने लागेमा नेपाल सरकारले लिखित आदेशद्वारा त्यस्ता सम्पत्ति अधिग्रहण गर्न र त्यस्तो अधिग्रहण गरिएको कामको सम्बन्धमा आवश्यक तथा उचित देखिएको अरू आदेशहरू पनि निकाल्न सक्तछ।

तर देहायका कुनै पनि सम्पत्ति वा त्यसको कुनै भाग अधिग्रहण गरिने छैन भनी व्यवस्था समेत गरेको छः-

- धनीले आफ्नो निजी वा आफ्ना जहान परिवारको बासस्थानको निमित्त वस्तुतः प्रयोग गरिराखेको, वा
- धार्मिक पूजापाठ गर्ने स्थान वा स्कुल, अस्पताल, पब्लिक पुस्तकालय, धर्मशाला वा अनाथालयको निमित्त मात्र प्रयोग भइराखेको वा त्यस्तो धार्मिक पूजापाठ, स्कूल, अस्पताल, पुस्तकालय वा अनाथालयको बन्दोबस्ती काम सम्बन्धित व्यक्तिहरू रहनको निमित प्रयोग गरिराखेको समेत सार्वजनिक स्थान।

यद्यपि अधिग्रहण गरिएको सम्पत्ति माथि सूचना दिइएको मितिले २ महिना अघिदेखि कुनै मोहीले बासस्थानको रूपमा प्रयोग गरिआएको भए त्यस्तो मोहीको निमित्त नेपाल सरकारले उपयुक्त ठाने बमोजिमको सकभर अर्को वासस्थानको प्रबन्ध गरिदिनेछ। त्यसैगरी दफा ७ ले अधिग्रहण गरिएको जग्गाको क्षेतिपूर्ति दिने व्यवस्था गरेको छ र दफा ८ ले क्षतिपूर्ति दिने सम्बन्धमा केही मापदण्ड तोकेको छः। अधिग्रहण गरिएको अवधिभरलाई सो अधिग्रहण गरिएको सम्पत्तिको भोग चलन ठेक्कामा गरिएको भए सो भोग चलन गर्दा जति बहाल वा तिरो तिर्नु पर्दथ्यो त्यति, र सो सम्पत्ति अधिग्रहण गर्दा जुन अवस्थामा थियो, सोही अवस्थामा ल्याउन लाग्ने खर्च समेतलाई क्षतिपूर्तिको मापदण्डमा राखेको छ।

### २.३.२ क्षतिपूर्ति ऐन, २०१९

सरकारले सार्वजनिक हितको लागि कुनै सम्पत्ति प्राप्त गर्न आवश्यक सम्झेमा सम्पत्ति प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ र सो बमोजिम प्राप्त गरेको सम्पत्तिको क्षतिपूर्तिको अङ्क नेपाल सरकारबाट तोकिएको अधिकारीले निर्धारण गर्ने भनी उल्लेख गरेको छ। साथै यस ऐनको दफा ४ मा कुनै नेपाल कानून बमोजिम उन्मुलन भएको, प्राप्त गरिएको वा प्राप्त गरिने सम्पत्तिको क्षतिपूर्ति स्टकको रूपमा दिन व्यवस्था गर्दै क्षतिपूर्ति पाउनेलाई नगदकै रूपमा समेत दिन सकिने व्यवस्था यस ऐनले गरेको छ।

### २.३.३ भूमि सम्बन्धी ऐन, २०२१

मुलुकको आर्थिक विकासमा द्रुततर गति ल्याउन भूमिबाट निष्क्रिय पूँजी र जनसङ्ख्याको भार झिकी अर्थ व्यवस्थाको अन्य क्षेत्रमा लगाउन, सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न जग्गाको हदबन्दीको व्यवस्था गर्दै नेपाल सरकारको भोग चलनमा रहेको जग्गामा अधिकतम हदबन्दीमा छूट पाउने सुविधा प्रदान गरेको छ। साथै दफा १९ ले सरकारले जग्गा प्राप्ति गरेपश्चात तोकिएको दरले क्षतिपूर्तिको रकम जग्गावालालाई प्रदान गर्नुपर्नै बाध्यात्मक व्यवस्था गरेको छ।

### २.३.४ गुठी संस्थान ऐन,२०३३

यस ऐनको दफा ४२ मा नेपाल सरकारले जग्गा अधिग्रहण गरे वापत शोधभर्ना गर्ने सम्बन्धी व्यवस्था गरिएको छ; जसअनुसार नेपाल सरकारले गुठी जग्गा अधिग्रहण गरेमा सो जग्गाको मुआब्जा रकमको सट्टा जग्गा नै शोधभर्ना गर्न सक्नेछ। त्यसैगरी दफा ४२(क) मा भएको व्यवस्था अनुसार नेपाल सरकारले संस्थानको स्वामित्वमा रहेको गुठी जग्गा सामाजिक कल्याण वा सामुदायिक हितको लागि उपलब्ध गर्न वा गराउन आवश्यक देखेमा व्यवहारिकता हेरी सहुलियत मूल्यमा लिन सक्नेछ भनी व्यवस्था गरेको छ।

### २.३.५ जग्गा प्राप्ति ऐन, २०३४

यस ऐनको दफा ३ अनुसार कुनै सार्वजनिक कामको लागि नेपाल सरकारले कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐन बमोजिम मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्नेछ । त्यसैगरी यस ऐनमा २०७५ मा भएको संसोधन अनुसार प्रदेश वा स्थानीय तहद्वारा सञ्चालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले जग्गा प्राप्त गराईदिन नेपाल सरकार समक्ष अनुरोध गर्नुपर्ने व्यवस्था गरिएको छ ।

त्यसका अतिरिक्त जग्गा प्राप्त गर्ने सम्बन्धी प्रारम्भिक कारबाही जस्तै नाप नक्सा, माटो, ढुंगा, आदिको नमुना संकलन गर्ने, लगायतको कामहरू गर्दा बाली, रूख, पर्खाल आदि काटेको वा भत्काए बापतको क्षतिपूर्ति दिनुपर्ने व्यवस्था[15] समेत यो ऐनले परिकल्पना गरेको छ । साथै प्राप्त गरिने जग्गाको सम्बन्धमा दफा ९ अनुसार जग्गा प्राप्ति सँग सम्बन्धित सम्पूर्ण विवरण खुलाई सूचना प्रकाशित गर्नुपर्ने र त्यसरी सूचना जारी भएपछि कुनै उजुरी परेकोमा उजुरी टुंगो लागेपछि जुन सुकै बखत सम्बन्धित जग्गालाई कब्जामा लिई सम्बन्धित कामको लागि उपयोगमा ल्याउन सकिने व्यवस्था गरेको छ । यसरी जग्गा कब्जामा लिएपछि स्थानीय अधिकारीले सो कुराको सूचना नेपाल सरकारलाई दिनु पर्ने बाध्यात्मक व्यवस्था समेत ऐनले गरको छ ।

त्यसैगरी सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक ७ दिनभित्र आफ्नो जग्गा प्राप्त नगर्नु पर्ने कुनै कारण भए त्यसको कारण खोली सम्बन्धित जग्गावालाले स्थानीय अधिकारीको कार्यालय मार्फत नेपाल सरकार, गृह मन्त्रालयमा उजुर गर्न सक्नेछ । उजुरी परेकोमा उजुरी टुंगो लागेपछि र उजुरी नपरेकोमा उजुर गर्ने म्याद नाघेपछि जुनसुकै बखत स्थानीय अधिकारीले सम्बन्धित जग्गालाई कब्जामा लिई सम्बन्धित कामको लागि उपयोगमा ल्याउन सक्नेछ । यद्यपि कुनै जग्गा प्राप्त गर्दा घर समेत प्राप्त गरिएकोमा सो घरमा घरधनि आफै बसी आएको भए निजले पाउने मुआब्जाको रकम र्निधारण भइसकेको भए त्यसको पचास प्रतिशत रकम नदिई र मुआब्जाको रकम निर्धारण भइ नसकेको भए निजलाई आफ्नो वासस्थान अन्यत्र सार्नको निमित्त आवश्यक पर्ने मुनासिब माफिकको रकम पेश्की नदिई त्यस्तो घर कब्जा लिन नहुने[16] व्यवस्था समेत गरेको छ । यसका अतिरिक्त यस ऐनको दफा २९ ले यस ऐन बमोजिम जग्गा प्राप्त गर्दा सो जग्गामा रहेको बालि, रूख, पर्खाल, घर, आदि पूरै लिईयोस् भनी सरोकारवाला व्यक्तिले निवेदन गरेमा सो सबै लिने गरी कारबाही चलाउनुपर्छ भनी निर्दिष्ट गरेको छ ।

[15] जग्गा प्राप्ति ऐन, २०३४, दफा ७ ।

[16] ऐ. ऐ, दफा १२

### २.३.६ विद्युत् ऐन, २०४९

विद्युत्को सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरणलाई नियमित गरी विद्युत् शक्तिको विकास गर्न र विद्युत् सेवालाई स्तरीय एवं सुरक्षायुक्त गर्ने हेतुले यस ऐनले दफा २४ मा विद्युत् उत्पादन, प्रसारण वा वितरण गर्दा भू-क्षय, बाढी, पहिरो, वायु-प्रदुषण इत्यादीद्वारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्ने बाध्यात्मक व्यवस्था गरेको छ, दफा २६ ले अपनाउनु पर्ने सुरक्षात्मक व्यवस्थाको उल्लेख गरेको छ। यसका अतिरिक्त कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकार समक्ष निवेदन दिन सक्ने, अनुमति पाए पश्चात त्यस्तो निर्माण कार्य भएको ठाँउ वा सो ठाउँको वरिपरि तोकिएको दुरीमा पर्ने घर जग्गा अरू कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी नेपाल सरकारले निषेध गर्न सक्नेछ भनी दफा ३३ ले व्यवस्था गरेको छ। त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानि, नोक्सानी बापत नेपाल सरकार वा अनुमतिपत्र प्राप्त व्यक्तिद्वारा तोकिएबमोजिम क्षतिपूर्ति दिनुपर्ने व्यवस्था समेत गरेको छ।

### २.३.७ वातावरण संरक्षण ऐन, २०७६

विकास आयोजनाहरूमा महत्वपूर्ण भूमिका हुने वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था यस ऐनको परिच्छेद-२ मा विस्तृतरूपमा उल्लेख गरिएको छ। जस अन्तर्गत प्रस्तावकले तोकिए बमोजिमको प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ र तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी देहायको निकाय समक्ष पेश गर्नु पर्नेछ:[17]

- राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोर्डबाट लगानी स्विकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानून बमोजिम सङ्घको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना, एक भन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नुपर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय परीक्षण भए तोकिएको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए मन्त्रालय समक्ष,
- प्रदेश सरकारको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा सम्बन्धित प्रदेश कानूनले तोकेको निकाय समक्ष,

[17] वतावरण संरक्षण ऐन, २०७६, दफा ३।

- स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन भए सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए प्रदेश कानूनले तोकेको प्रदेश सरकारको निकाय समक्ष।

प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रभाव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यस्को न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्छ[18] भनी व्यवस्था गरेको छ। त्यसका अतिरिक्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्वन गर्नु पर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नु पर्ने यस ऐनले बाध्यात्मक व्यवस्था गरेको छ।

[18] ऐ.ऐ. दफा ४।

# परिच्छेद – तीन

# आयोजनाको वर्तमान अवस्था

## ३.१. अरुण तेस्रो जल विद्युत् आयोजनाको सम्बन्धित मुख्य विवाद

यस आयोजना वि.स २०४७ मा भएको जनआन्दोलन पछि गठन भएको सरकारले बहुपक्षीय विकास साझेदारहरूको आर्थिक सहयोगमा यस आयोजनाको विकास तथा विस्तार गर्ने निर्णय गर्यो । यस आयोजना विश्व बैङ्कले निमार्ण सम्पन्न गर्ने निश्चित भएसगैं विभिन्न मुद्दा मामिला तथा मुआब्जालाई लिएर स्थानियबासीहरूले विरोध गर्दै आइरहेका थिए । यी विवादहरूको समाधानार्थ गठन भएको अरूण सरोकार मञ्च तथा अरूण तेस्रो प्रवेशमार्ग मुआब्जा पीडित संघर्ष समितिले २०४५ सालमा अधिकरण गरेको जग्गाभन्दा हाल लगत कट्टा गर्दा बढी अधिकरण गरिएको जग्गाको मुआब्जाको माग गरिरहेका थिए ।

उक्त राष्ट्रिय गौरवको आयोजनाको नाममा स्थानीय जनतालाई सुकम्बासी बनाउन खोजेको भन्दै पीडित संघर्ष समितिले आपत्ति जनाउदै आएको अवस्था थियो । वि.स २०४४।४५ सालमा मुआब्जा वितरण गर्दा सरकारले लापरबाहीले गर्दा छुट भएका जग्गाहरूको मुआब्जा पाउनुपर्ने, ३० मिटरभित्र पर्ने जग्गा र उक्त जग्गामा निर्माण भएका घरहरूको क्षतिपूर्ति पाउनुपर्ने लगायतका मागदाबी रहेको थियो ।[19] यस्तो समस्याग्रस्त अवस्थामा विश्व बैङ्कले वि.स २०५२ सालमा चौतर्फी विरोध भएपश्चात यस आयोजनामा लगानी नगर्ने निर्णय गर्यो । उक्त निर्णय पश्चात विगत २ दशकसम्म यस आयोजनाको काम ठप्प रहेको अवस्था थियो र पछि भारतीय सतलज कम्पनीलाई जिम्मा दिइएको छ ।

यस्तो राष्ट्रिय गौरवको आयोजनामा आफूहरूलाई आयोजना केन्द्रले सूचनाको अधिकारबाट बञ्चित गरेको तथा आयोजनामा स्थानीयहरूको शून्य सहभागिता रहेको, आयोजनाको कामदार, कर्मचारी तथा ठेक्कापट्टाका काम पनि भारतीय कम्पनीहरूले गर्दै आइरहेको छ, स्थानीयलाई सहभागी गराइएको खोई भन्दै आक्रोश व्यक्त गरेका छन् । २०४५ सालमा मुआब्जा वितरण गर्दा सरकारको लापरबाहीले गर्दा छुट भएको जग्गाको मुआब्जा आफूहरूले पाउनुपर्ने, २०७३ सालमा जिल्ला प्रशासन कार्यालयले वितरण गरेको मुआब्जा दर रेटमै बाँकीले पनि पाउँनुपर्छ [20] भन्ने मागदाबी स्थानीय सराकोरवालाहरूको रहेको छ । स्थानीय जनतालाई प्रति धुरी ३० युनिट होइन कि ६० युनिट बिजुली प्रदान गर्नुपर्छ ।' त्यस्तै

19 https://clickmandu.com/2019/01/73686.html , अरूण तेस्रो पीडितहरूको चेतावनी : उचित मुआब्जा नदिई सुकुम्बासी बनाए कडा कदम चाल्छौ, क्लिकमान्छु, २०७५ माघ १७ गते प्रकाशित ।

20 अरूण सरोकार मञ्च केन्द्रीय अध्यक्ष डा. इन्द्रमणि राईसँग गरेको अन्तरवार्ताको क्रममा लिइएको ।

उनले परियोजनाबाट उत्पादन हुने ९०० मेगावाट विद्युतमध्ये नेपाल सरकारलाई प्राप्त हुने निःशुल्क २१ प्रतिशत र रोयल्टीवापत प्राप्त हुने ७.५ प्रतिशत गरि जम्मा २९.४ प्रतिशत बिद्युत नेपाल सरकारलाई प्राप्त हुने उल्लेख भएकोमा कुल २९.४ बाट हुन आउने १५ प्रतिशत बिद्युत ४ वटै प्रभावित गाँउपालिकाहरूलाई छुट्याउनु पर्ने आफुहरूको माग रहेको सुनाए ।[21] आफूहरूले उठाएका जायज माग सम्बोधन नगरिए जस्तोसुकै कानूनी उपचारमा जाने, 'लागत कट्टा गरिएको भन्दा बढी जग्गाको क्षति भएको छ, सरकारले अहिले मुआब्जाको नयाँ नजिर (दर)कायम गरेकाले हामीहरूलाई त्यो मान्य हुँदैन् । मुआब्जा वितरण गरिएको भन्दा अलग ठाँउबाट सडकको रूट परिवर्तन गरी सडक निर्माण भैरहेको हुँदा त्यसको पनि मुआब्जा दिनुपर्छ ।'[22]

### ३.१.१. आयोजनासँग सम्बन्धित मुद्दाहरूको विवेचना

| अरुण तेस्रो जलविद्युत् आयोजनासँग सम्बन्धित मुद्दाहरू | | | | | |
|---|---|---|---|---|---|
| **क्र.स.** | **अदालत** | **पक्षहरूको नाम** | **मुद्दा** | **मुद्दा नं.** | **फैसला मिति** |
| १. | सर्वोच्च अदालत | भारत नयाँ दिल्लीस्थित जिन्दल स्टील एण्ड पावर लिमिटेड विरूद्ध नेपाल सरकार जलस्रोत मन्त्रालय समेत । | उत्प्रेषण मिश्रित परमादेश । | २०६४ सालको रिट नं. - ०८५९ | २०६६।४।३२ |

**मुद्दाको संक्षिप्त व्यहोरा**

मन्त्रीपरिषद्ले अरूण ३ जल विद्युत् आयोजनाका लागि प्रस्ताव पेश गर्नेहरूको हकमा समेत संसदीय समितिको निर्देशन कार्यान्व्यन हुने गरी सहमति प्राप्त गर्ने भन्दै विद्युत् ऐन, २०४९ को दफा ३५ बमोजिम कार्यान्वयनको लागि प्रक्रिया अघि बढाउने भनी मिति २०६४।९।१५ मा निर्णय गरेको । सोही निर्णय बमोजिम मूल्याङ्कनको योग्यता क्रममा प्रथम स्थानमा रहेको GMR Energy Ltd. ले माथिल्लो कर्णालीको अनुमतिपत्र प्राप्त गरी दोस्रो स्थानमा रहेको Satlaj Jal Vidyut Nigam (SJVN) ले विकास गर्न अनुमति प्रदान गर्ने र यदि (SJVN) ले न्यूनतम २१.९ प्रतिशत निःशुल्क उर्जा प्रदान गर्न सहमत नभएमा योग्यताक्रमको पाचौं स्थानसम्म रहेका बाँकी सबै प्रस्तावहरूसँग समझदारी पत्र (MOU) गर्ने भन्दै दुवै आयोजनाहरूको कार्यान्वयनको लागि विद्युत् ऐन, २०४९ को दफा ३५

[21] स्थानीय संघर्ष समितिका जिल्ला संयोजक नयन्द्र नामसुङ राईसँग गरेको अन्तरवार्ताको क्रममा लिइएको ।
[22] केन्द्रीय संघर्ष समितिका संयोजक जनी कुमार राईसँग गरेको अन्तरवार्ताको क्रममा लिइएको ।

बमोजिम जलस्रोत मन्त्रालयले प्रक्रिया अगाडि बढाउने/टुंगो लगाउने भनी सोही मिति २०६४।९।१५ को निर्णय नं. ५ मा उल्लेख गरेको देखिन्छ। निवेदकले अरूण-३ आयोजनाको लागि शुरूदेखि २१.९ प्रतिशत निःशुल्क विद्युत् (Free Enegy) को प्रस्ताव राखेको र सो निःशुल्क ऊर्जालाई नै संसदीय समितिको निर्देशनबमोजिम कार्यान्वयन गर्ने भन्ने निर्णय विपक्षी मन्त्रिपरिषद्बाट पनि भएकोले निवेदकको प्रस्ताव स्वतः नै छनौटमा पार्नुपर्नेमा निवेदकको प्रस्ताव नपरेका कारण उक्त निर्णय एवं कार्वाही बोलपत्र (प्रस्ताव) मूल्याङ्कन तथा छनौटसम्बन्धी प्रचलित कानून, मापदण्ड, मान्यता एवं प्रचलन समेतको विपरीत भई सो हदसम्म स्वयं मन्त्रिपरिषद्को निर्णय बदर गरी सो आयोजना निवेदकलाई दिनू भन्ने आदेश जारी गरिपाऊँ भन्ने समेतको रिट निवेदन परेको देखिन्छ।

**मुख्य कानूनी प्रश्नः**

क) २०६३।७।१२ को निर्णयविपरीत हुने गरी २०६३।८।२८ र २०६३।९।२१ गतेको निर्णय हुन सक्छ सक्दैन ?

ख) विभागीय मन्त्रीस्तरीय मिति २०६३।८।२८ र २०६३।९।२१ को निर्णयलाई निवेदकले कानूनी रूपले प्रश्न उठाउन सक्छ सक्दैन ?

**सर्वोच्च अदालतको फैसलाः** विद्युत् ऐन र नियमावलीले विद्युत् विकासको लागि आह्वान गरिएको Developer हरूको प्रस्ताव मूल्याङ्कन सम्बन्धमा कानूनले कुनै कार्यविधि नतोकेको हुँदा विद्युत् विकासको सम्बन्धमा विद्युत् ऐन, २०४९ को दफा ४ बमोजिम पर्न आउने प्रस्ताव मूल्याङ्कन गर्ने सम्बन्धमा तय गरिने आधार र मापदण्ड weightage आदि नीतिगत प्रशासनिक कार्य भएकोले नेपाल सरकारलाई निवेदक लगायतका Developer हरूले प्रस्ताव गरेको विभिन्न Benefit मा कार्यदलले के कति अङ्क भार प्रदान गर्‍यो यी विशुद्ध नीतिगत र प्रशासनिक विषयमा अदालत प्रवेश गर्नु भनेको न्यायको मान्य सिद्धान्त विपरीत हुनजाने। कार्यपालिकीय, व्यवस्थापिकीय र न्यायपालिकीय अधिकार वेग्लावेग्लै र स्पष्ट शब्दमा separation of power गरी धारा १५६ मा सीमित काम मात्र विधायिकाले checks & balances हुने गरी लिखित संविधानद्वारा राज्य सञ्चालन हुने संवैधानिक व्यवस्थाबाट शासित राष्ट्र भएको कारण कार्यकारीणी को domain भित्र पर्ने काम पनि संसदीय अनुमोदन गनुपर्छ भन्ने व्याख्या यस अदालतले गर्न नसक्ने। कुनै ठेकेदार वा Developer सँग नेपालको तर्फबाट सरकारले वा अरू सरकारी स्वामित्वको वा अरू कुनै व्यक्तिले नेपालको प्राकृतिक स्रोतको बाँडफाँड वा नेपालको प्राकृतिक स्रोतको उपयोगको बाँडफाँड गर्ने गरी सम्झौता वा सन्धि गरिएमा बाँडफाँड गरी गरिने त्यस्तो सम्झौता वा सन्धिमा मात्र संसदीय अनुमोदन हुनु नपर्ने व्यवस्था गरेकाले केवल

सर्वेक्षण खोज तलास अन्वेषण गरी प्राकृतिक स्रोतको संभाव्यता अध्ययनसम्म मात्र गर्न प्रारम्भिक अवस्थाको सन्धि वा सम्झौता र बाँडफाँड नहुने प्राकृतिक स्रोतसम्बन्धी सन्धि वा सम्झौतामा धारा १५६(२) आकर्षण नहुने भएकाले विपक्षी सतलज जल विद्युत् निगमसँग भएको मिति २ मार्च २००८ को MOU ले प्राकृतिक स्रोतको बाँडफाँड नहुने र माथि उल्लिखित कारण समेतले गर्दा निवेदन खारेज हुने भनी फैसला गरेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| २. | सर्वोच्च अदालत | गोपाल सिवाकोटी विरूद्ध श्री ५ को सरकार समेत । | उत्प्रेषण मिश्रित परमादेश । | २०५० सालको रिट नं. - ३०४९ | २०५१।१।२५ |

**मुद्दाको संक्षिप्त व्यहोरा :**

अरूण तेस्रो जल विद्युत् परियोजनाको सूचना र कागजपत्र निवेदकलाई उपलब्ध गराउन विपक्षीहरूले प्रत्यक्ष तथा परोक्ष रूपमा इन्कारी गरेकोले विपक्षीहरूबाट अरूण तेस्रो आयोजनासँग सम्बन्धित अध्ययन सूचना, सञ्चार, समझदारी, सन्धि सम्झौता, लिखत दस्तावेजहरू निवेदकलाई तत्काल उपलब्ध गराउनु, सार्वजनिक गर्नु भनी विपक्षीहरूका नाममा उत्प्रेषण तथा परमादेश आदेश जारी गरी पाऊँ भनी मुख्य मागदाबी रहेको देखिन्छ ।

**मुख्य कानूनी प्रश्न :**

१) निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ?

२) सूचना माग्ने र परियोजनासँग सम्बन्धित दस्तावेज प्रतिलिपी पाउने अधिकार निवेदकसँग रहेको वा नरहेको ?

**अदालतको फैसला :**

देशको सुरक्षा, शासनव्यवस्था, शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था,जलश्रोतको विकास संविधानमा राज्य नितिका निर्देशक सिद्धान्तको रूपमा व्यवस्थित सामाजिक न्यायका कुरा जनसाधारणको सरोकारको विषय हुने भएकाले सबै नागरिकको हकदैया रहने ।

साथै राष्ट्रियस्तरको परियोजनाको आर्थिक, सामाजिक, राजनैतिक पक्षसँग सम्बन्धित विभिन्न विषयहरूले सार्वजनिक रूपमा प्रभाव पारेको हुनाले सूचना माग्ने र परियोजनासँग सम्बन्धित दस्तावेजको प्रतिलिपी पाउने अधिकार निवेदकलाई हुने ।

विदेशी राष्ट्रबाट लिइने ऋणको औचित्यता व्याज दर ऋण भार परियोजनाको प्राविधिक पक्ष नेपाल र नेपालीलाई मर्का पर्ने विवादको मागदाबीको सन्दर्भमा अदालतले कानून वा संविधानमा आधारित

विवादको मात्र निक्यौल गर्ने, सार्वजनिक सरोकारको सबै विवादको अदालतले न्यायिक निरूपण नगर्ने तसर्थ निवदेकले माग गरेको ऋणको शर्त, ब्याजदर, वातावरणीय प्रभावको सम्बन्धमा न्यायिक निरूपणको मागदाबी गरेतापनि यस्ता प्रश्नहरूमा कानून वा संविधानको कुनै प्रश्नको व्याख्या समावेश भएको छ र कुन कानून र संविधानको व्याख्या गर्नुपर्ने रिट निवेदनमा उल्लेख नगरेकाले असाधारण क्षेत्राधिकार ग्रहण गर्न नसक्ने ।

### ३.२. काठमाडौं तराई मधेश द्रुतमार्ग निर्माण परियोजनाको सम्बन्धित मुख्य विवाद

२०४९ सालमा डानिडाले काठमाडौं-तराई द्रूतमार्गको सम्भाव्यता अध्ययन गरेको थियो । त्यसपछि २०६४ सालमा एसियाली विकास बैङ्क (एडीबी) ले यसको विस्तृत सम्भाव्यता अध्ययन गरेपछि सरकारले आयोजना अगाडि बढाउन प्रक्रिया शुरू गरेको थियो । २०७४ सालको वैशाख २१ गते सरकारले सेनालाई सो द्रुत मार्ग आयोजना निर्माणको जिम्मेवारी दिने निर्णय गरे पश्चात सुरूबाति दिनहरूमा उक्त द्रुतमार्गको प्रस्थानविन्दु कुन स्थानमा राख्ने भन्ने विषयमा ठूलो विवाद परेको थियो । उक्त आयोजनाले खोकना र बुङमतिको अस्तित्व समाप्त हुने भन्दै त्यहाँका स्थानीय बासिन्दाहरूले विरोध गर्दै आइरहेका थिए । आफ्नो पुरानो युगीन सम्पदा र संस्कृति बचाउन सांस्कृतिक आन्दोलन गर्ने चेतावनी केन्द्रीय तथा स्थानीय सरकारलाई दिँदै आइरहेका थिए ।

खोकनामा अवस्थित सिकाली र कुदेशबाट प्रवेशविन्दु राख्ने प्रस्ताब भएकोमा स्थानीयबासीले सिकाली र कुदेशबाट काठमाडौं उपत्यकाकै पहिलो र प्रमुख मानव सभ्यता सुरू भएको तथा उक्त स्थानमा उत्खननका क्रममा मानव निर्मित बत्ती बाल्ने दियो, माटोको सामग्री, इनार, घरको जगका साथै पुरातात्विक महत्वका सामानहरू भेटिएका त्यस स्थानको सांस्कृतिक एवं पुरातात्विक महत्व रहेकाले कुदेशमा पर्ने प्रवेशविन्दु परिवर्तन गरी फर्सिडोलमा सार्नुपर्ने माग गर्दै आएका थिए । सेनाले भने एडीबीले तयार गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन र त्यही अनुसारको रेखाङ्कनका आधारमा जग्गा अधिग्रहण लगायतका काम गरेको बताएको छ । सेनाले सरकारबाट स्वीकृत भएको इआईए रिपोर्ट र मन्त्रिपरिषद्को निर्णयका आधारमा फास्ट ट्र्याकको काम अघि बढाइएको स्पष्ट पारेको छ ।

नेपाली सेनाको व्यवस्थापनामा निर्माणाधीन ७२.५ किमि कूल दुरी हुने द्रुत मार्ग काठमाडौं तराई जोड्ने सबै भन्दा छोटो सडक आयोजना राष्ट्रिय गौरवको रूपमा लिइएको द्रुतमार्गको सुरूङ खन्ने काम आगामी जेठ अर्थात २०७८ सालको जेठ महिनाबाट सुरू गर्ने बताइएको छ । यस आयोजनामा हाल सुरूङ खण्डमा पर्ने चट्टान तथा माटोको प्रकृती र भौगर्भिक बनोट परीक्षणको काम सकिएपछि सेनाले ठेक्का प्रक्रियामा आएका निर्माण कम्पनीहरूको बोलपत्र सम्बन्धी आवश्यक प्रक्रिया २०७८ सालको

वैशाख महिना भित्रै सम्पन्न गरेर जेठबाट निमार्ण थाल्ने तयारी गरेको छ ।[23] यद्यपि नेपाली सेनाले आवेदन दिएका अधिकांश कम्पनीले मापदण्ड नपुर्याएको भन्दै पहिलो प्याकेजमा चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन र पोली चङ्दा इन्जिनियरिङ कम्पनी र दोस्रो प्याकेजमा पोली चङ्दा इन्जिनियरिङ कम्पनी छानेको छ जसको व्यापक विरोध भइरहेको छ ।

तराई मधेश द्रुतमार्गको सुरूङमार्ग निर्माणमा सीमित निर्माण व्यवसायीलाई सर्टलिस्ट गरिएपछि संसदका विभिन्न समितिले यसबारे चासो देखाएका छन् ।[24] अहिलेसम्म समयमै काम हुने नहुने अन्योल छ, सुरूङको सर्टलिस्टिङको विषय विवादास्पद बनेको छ, 'वित्तीय एवं भौतिक प्रगतिकाके पनि कुरा छ । यसबारे अध्ययन गर्ने गरी उपसमिति बनाइएको छ, सोही उपसमितिले आवश्यक छानबिन गर्नेछ ।'[25] यसका अतिरिक्त हालै संसदीय समितिले आयोजनाबारे प्रश्न उठाउँदै हालसम्म भएका काम र सेनाले ठेक्का लगाएका प्रक्रियाको कागजात माग्दै आएको त कहिले निर्धारित समयमै निर्माण सम्पन्न हुने नहुने विषय, सुरूङ निर्माणको ठेक्का र जग्गाको मुआब्जासम्बन्धी विवारणबारे प्रतिनिधिसभा अन्तर्गत विकास तथा प्रविधि समितिले गर्न थालेको ढिलासुस्ती अध्ययनले थप जटिलता निम्त्याएको छ ।

तर विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) लामो समयसम्म उपलब्ध नहुनु र उपलब्ध भई सकेपछि पनि स्वीकृति हुन नसक्नु तथा अन्तर्राष्ट्रिय परामर्शदाताको छनौटमा हुन गएको ढिलाइ र कोभिड १९ का कारण केही समय आशातीत गतिमा निर्माण कार्य अघि बढ्न नसकेको भने स्वीकार गरेको छ ।

हालसम्मको समष्टिगत कार्य प्रगति हेर्दा यस आयोजनाको कार्य विवरण हाल छैठौ चरणमा चलिरहेको छ । हाल सम्म यस आयोजनाको वार्षिक प्रगति भौतिक तर्फ ४२.८५ प्रतिशत र वित्तिय तर्फ ४२. ८० प्रतिशत रहेको तथा समष्टिगत प्रगति भौतिक तर्फ १६.२१ प्रतिशत रहेको छ भने वित्तिय तर्फ ९.५२ प्रतिशत रहेको छ । यस आयोजनाको वित्तीय प्रगति विवरण अनुसार हालसम्मको कुल वित्तिय खर्च १६ अर्व ६६ करोड रहेको छ ।[26] संरचनागत कार्यप्रगतिको कुरा गर्दा काठमाडौं-तराई⁄मधेश द्रुतमार्ग सडक खण्ड आयोजनाको कुल लम्बाइ ७२.५ कि.मी. मध्ये ३ वटा सुरूङ्ग मार्गको जम्मा लम्बाई ६.४१ कि.मी., विभिन्न पुलहरूको लम्बाई १०.५९ कि.मी. र ढुङ्गा माटोको Cut/Fill गर्नुपर्ने सडक खण्डको लम्बाई ५५.५ कि.मी.रहेको छ । जस अन्तरगत आयोजनाको ४४.१ कि.मी. सडक खण्डको Sub–grade Level

23 https://hamrakura.com/news-details/97972/2021-03-26 फास्टट्र्याकको सुरूङ जेठबाट खनिंदै, चार वर्षमा पुरा हुने, प्रकाशित मिति चैत १३, २०७७ ।

24 https://ekantipur.com/business/2021/03/30/161706862181657807.html

25 लेखा समितिको सभापति कल्याणीकुमारी खड्का सँग गरिएको अन्तरवार्ताको अशं ।

26 ऐ.ऐ. पृ. ३

सम्म तयार गर्न समष्टिगत माटो काट्ने ⁄पुर्ने (Cutting and filling) कार्यहरू हालसम्म ८८ % सम्पन्न भएको छ । २०७७ साल कार्तिक महिनासम्म सो आयोजनाको कुल कार्य अंशको थप ५.१०% काम सम्पन्न भई आयोजनाको कुल कार्यको १६.२१% प्रगति हासिल भएको छ ।

### ३.२.१. आयोजनासँग सम्बन्धित मुद्दाहरूको विवेचना

| काठमाडौं तराई मधेश द्रुतमार्ग निर्माण परियोजना सँग सम्बन्धित मुद्दाहरू | | | | | |
|---|---|---|---|---|---|
| १. | सर्वोच्च अदालत | का.जि.का.म.न.पा वडा नं १६ बस्ने अधिवक्ता पूर्णबहादुर कुँवर समते विरूद्ध सम्मानीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं । | उत्प्रेषण/ प्रतिषेध/परमादेश | ०७२-WO-०२८३ | २०७३।३।१६ |

**मुद्दाको संक्षिप्त व्यहोराः**

काठमाडौ निजगढ फास्ट ट्र्याक निर्माणको लागि Inivitation for Expression of Interest (EOI) को सूचना प्रकाशित गरेको र सोको आधारमा भारतीय निर्माण कम्पनी IL&FS/Suryavir Consortium लाई छनौट गरी नेपाल सरकार र उक्त प्रवर्द्धक कम्पनीबीच विभिन्न लिखित सम्झौता र सहमति भइसकेको एवं ३-४ दिनभित्रै नेपाल सरकार र उक्त प्रवर्द्धक कम्पनीबीच हुन लागेको अन्तिम सम्झौताले राष्ट्रलाई विकासको नाममा दूरगामी आर्थिक असर पुऱ्याउन लागेको छ । यो रोड निर्माणको सबै लगानी नेपाल सरकारले गरी प्रवर्द्धक कम्पनीले नाममात्रको लगानी गर्ने तर MRG बाट हुने फाइदा प्रवर्द्धक कम्पनीको मात्र हुने, Toll Tax को रूपमा चर्को कर प्रवर्द्धकले उठाउन पाउने, न्यूनतम संख्याको सवारी साधन नचलेर लक्षित MRG नपुग भए राज्यले प्रवर्धक कम्पनीलाई उक्त MRG दिनु पर्ने गरी Concession Agreement र Minutes of Negotiations विपक्षीहरू एक आपसमा मिली पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा २४, नेपालको संविधानको धारा २५, ५१घ(१०), ड(२) विपरीत र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा २ ख (३) समेतको प्रतिकूल हुने गरी निर्णय गरिसकेको हुँदा सो Concession Agreement र Minutes of Negotiations र फास्ट ट्र्याक सडकसम्बन्धी अन्य कुनै सहमति निर्णयसमेत भएको भए सो निर्णय र सहमतिहरू समेत उत्प्रेषणको आदेशले बदर गरिपाऊँ । साथै EOI मा उल्लिखित सर्तभन्दा बाहिर गई सम्पूर्ण लगानी विपक्षी नेपाल सरकारको हुन

गइरहेको फास्ट ट्र्याक सडकको सम्झौता नगर्नु नगराउनु भनी प्रतिषेधको आदेश जारी गरी पाऊ। BOOT Basis Project मा निर्माण गर्दा उच्च सतर्कता अपनाउन परमादेशको आदेश जारी गरिपाऊँ। साथै यो मुद्दाको अन्तिम किनारा नलागेसम्म विपक्षीहरूबीच उक्त दुईपक्षीय सम्झौता, निर्णय वा सहमति नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

**मुख्य कानूनी प्रश्नः**

(१) प्रस्तुत रिट निवेदनमा निवेदकहरूले उठान गरेको विषय सार्वजनिक हक वा सरोकारको विषय हो होइन र निवेदकहरूले विवादित विषयको उचित प्रतिनिधित्व गर्न सकेको अवस्था छ वा छैन ?

(२) राष्ट्रिय गौरवका ठूला आयोजनाहरूको विडिङको प्रक्रिया, बुट वेशिस प्रोजेक्टको अवधारणा र मान्यता एवं सोसम्बन्धी कानूनी व्यवस्थालाई विवादित नीजगढ-काठमाडौं फास्ट ट्र्याक सडक निर्माण सम्बन्धमा भएको विडिङको प्रक्रियाले आत्मसात गरेको देखिन्छ वा देखिदैन ?

(३) विवादित सडक निर्माण सम्बन्धमा नेपाल सरकार र प्रवर्द्धक कम्पनीबीच यथास्थितिमा सम्झौता हुनु नेपाल सरकार एवं आम सर्वसाधारण जनताको हित अनुकूल हुन्छ वा हुँदैन ?

(४) निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन ?

**अदालतको फैसला** :

काठमाडौं-तराई / मधेश द्रुत मार्गको निर्माणसम्बन्धी आयोजना सार्वजनिक निजी साझेदारीको मान्यता अनुकूल बुट प्रणालीमा आधारित रहेको भनिए पनि कूल लगानीको २५ प्रतिशतभन्दा बढी रकम नेपाल सरकारको तर्फबाट प्रवर्द्धक कम्पनीलाई अनुदान सहयोग उपलब्ध गराउने गरी भए गरिएका निर्णय एवं काम कारवाहीलाई बुट प्रणालीको मान्यता र भावना अनुकूल रहेको मान्न सकिएन। उक्त आयोजनाको सम्बन्धमा मनसायपत्र आह्वानका लागि उठाइएको टिप्पणी र आदेशमा समेत इक्वीटी सपोर्टको रूपमा नेपाल सरकारले कूल लागतको १५ प्रतिशतसम्म अनुदान सहयोग गर्ने भनी उल्लेख गरेको अवस्थामा उक्त कानूनी व्यवस्था र टिप्पणी आदेशमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लगानीको सत प्रतिशतभन्दा बढी रकम नेपाल सरकारले प्रवर्द्धक कम्पनीलाई अनुदान सहयोग उपलब्ध गराउने भनी गर्न लागिएको सम्झौताहरू विडिङ सूचना एवं प्रचलित कानूनी व्यवस्थालाई आत्मसात गरेको मान्न मिल्ने देखिएन।

<table>
<tr><td colspan="6">फास्ट ट्र्याकसम्बन्धी व्यवस्थापिका-संसद् अर्थ समिति तथा सोसम्बन्धी पुनरावलोकन समितिको प्रतिवेदनबाट प्रवर्द्धक कम्पनीसँग सो सडक निर्माणको सम्बन्धमा हालको व्यवस्थाअनुसार नै Concession Agreement भएको अवस्थामा नेपाल सरकारलाई क्षति हुने भनी औंल्याएका र व्यवस्थापिका-अर्थ समितिले उक्त सडक निर्माण कार्य IL & F.S कम्पनीमार्फत नै गर्ने गरी अघि बढ्नु परेमा नेपाल सरकार साझेदार नरहने गरी आयोजनाको सम्पूर्ण नाफा-घाटाको भागिदार सम्बन्धित कम्पनी नै हुने गरी उपसमितिले दिएका सुझाव र निर्देशनको आधारमा आयोजना निर्माण सम्झौता गर्नुपर्ने भनी सुझाव दिएको एवं मिति २०७२।६।१ मा गठित पुनरावलोकन समितिले हालकै अवस्थामा उक्त सडकको निर्माण कार्य भएको अवस्थामा राष्ट्रले धान्नै नसक्ने गरी राष्ट्रलाई क्षति हुने भनी औंल्याएको समेतका तथ्यबाट प्रस्तुत फास्ट ट्र्याक निर्माणको लागि हालको अवस्थामै प्रवर्द्धक कम्पनीसँग Concession Agreement गरिएको अवस्थामा नेपाल सरकार एवं आम सर्वसाधारण जनताको हित अनुकूल हुने देखिएन ।<br>काठमाडौं-तराई ⁄ मधेश जोड्ने फास्ट ट्र्याक निर्माण कार्य नेपाल सरकारको आफ्नै स्रोत साधनबाट गर्ने भनी बजेटसमेत विनियोजन गरी सकेको अवस्थामा सरकारले प्रवर्द्धक कम्पनीसँगका पूर्व सहमतिलाई निरन्तरता दिनुपर्ने औचित्य नरहेको मात्र नभई परियोजनासम्बन्धी सम्झौताको औचित्य समाप्त भएको र काठमाडौं-तराई ⁄ मधेश जोड्ने फास्ट ट्र्याक हालको अवस्थामा विपक्षी IF & FS/Suryavir Consortium Company ले बनाउने भन्ने अवस्था नै समाप्त भइसकेको हुँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नरहेकाले प्रस्तुत रिट खारेज हुने ठहर्छ ।</td></tr>
<tr><td>२.</td><td>सर्वोच्च अदालत</td><td>दिलिप पुतवार समेत बिरूद्ध जिल्ला प्रशासन कार्यालय ललितपुर समेत , ललितपुर महानगरपालिका २१ नं. वडा कार्यालय खोकना ⁄ ललितपुर महानगरपालिका २२ नं. वडा कार्यालय वुङ्गमती,<br><br>मच्छे नारायण श्रेष्ठ समेत बिरूद्ध जिल्ला प्रशासन कार्यालय ललितपुर समेत ,</td><td>उत्प्रेषण</td><td>०७६-WO-०७४३</td><td>विचाराधीन</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | ललितपुर महानगरपालिका २१ नं. वडा कार्यालय खोकना ⁄ ललितपुर महानगरपालिका २२ नं. वडा कार्यालय | उत्प्रेषण | ०७६-WO-०७४४ | विचाराधीन |

**मुद्दाको संक्षिप्त व्यहोराः**

विपक्षी नेपाल सरकारले जग्गा एकलौटि ढङ्गले जग्गा अधिग्रहण गर्नभन्दा अघि गर्नुपर्ने DPR लगायतका कानूनी प्रक्रिया नै नगरी मिति २०७२।१२।४ गते जग्गा प्राप्ति गर्न सूचना जारी गरेपछि, त्यस सूचनामा उल्लेखित प्रक्रिया, मुआब्जा अन्यायपूर्ण भएको र स्थापना भएको समितिले कोरम नै नपुर्याई निर्णय समेत गरिएको देखिएकोले निवेदकहरूको संलग्नतामा कानूनी प्रक्रियासम्मत् तरिकाले विकल्पको माग गरेकोमा हालसम्म कुनै कारबाही नभएको, आफ्नो दायित्व निर्वाह नगरी न्यायिक इन्कारी गरेको हुनाले विपक्षीहरूलाई सहभागी तुरून्त निर्णय गर्नुपर्ने मागदाबी निवेदकहरूको रहेको छ । यसका साथै स्वीकृति पाएको DPR माग गर्दा उपलब्ध नगराएको, परियोजनाको विस्तृत जानकारी दिने, सूचना, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन लगायतका कागजात उपलब्ध नगराएकाले कति जमिन गुमाउनु पर्ने, प्रक्रिया के हुने, अन्य विकल्प लिइएको छ, छैन सोको जानकारी समेत नेपाल सरकारबाट अविलम्ब उपलब्ध गराई पाउँ भन्ने मुख्य मागदाबी रहेको देखिन्छ । साथै लगाउमा रहेको अर्को मुद्दामा नेपाल सरकारको स्वीकृत वेगर गुठीको स्वामित्व छाड्न हुनाले विपक्षीहरूले जग्गाहरू फास्ट ट्र्याकभित्र पार्ने निर्णयलाई बदर गराउनुपर्ने माग रहेको छ ।

हाल यो मुद्दा सम्मानित सर्वोच्च अदालतमा सुनुवाईको निम्ति पेश गर्ने भनी आदेश भई विचाराधीन रहेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | सर्वोच्च अदालत | कृष्णशरण डंगोल समेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिहंदरबार, काठमाडौं समेत | उत्प्रेषण परमादेश । | ०७४-wo-०२०९ | मितिः २०७४।६।४ |

**मुद्दाको संक्षिप्त व्यहोराः**

निवेदकको पूर्ण स्वामित्वको घर, जग्गा अधिग्रहण गर्दा परामर्श एवंम निर्णय प्रक्रियामा सहभागी नगराएको, सहमति नलिएको, पर्याप्त क्षतिपूर्ति र मुआब्जा उपलब्ध नगराएको । मुआब्जा निर्धारण समितिको बैठकले कायम गरेको दररेटमा एकरूपता नभएको र सो उपर गृह मन्त्रालय तथा विभिन्न

निकायमा उजूरी, ज्ञापनपत्र बुझाएकोमा सो उपर कुनै काम कारबाही नभएकाले दररेटमा एकरूपता हुनुपर्ने रिट निवदेकको मागदाबी रहेको । साथै जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम कानूनी प्रक्रिया नै पूरा नगरी मुआब्जाको मूल्य निर्धारण गरेको र हाल प्रस्ताबित नक्सा सिमाङक अनुसार निर्माण हुने हो भने सोबाट सांस्कृतिक पुरातात्विक महत्वका मठ, मन्दिर रातो मछिन्द्रनाथको जात्रामा समेत असर पार्ने हुनाले न्युन क्षति हुने तर्फ फाष्टट्र्याकलाई लैजान जो जे आवश्यक आदेश जारी गरी सामाजिक वातावरणीय, सांस्कृतिक, पुरातात्विक क्षति जोगाउन परमादेशको आदेश समेत जारी गरिपाऊँ भन्ने निवदेकको मुख्य मागदाबी रहेको छ ।

**मुख्य कानूनी प्रश्नः**

(१) प्रस्तुत रिट निवेदनमा निवेदकहरूले उठान गरेको विषय सार्वजनिक हक वा सरोकारको विषय हो होइन र निवेदकहरूले विवादित विषयमा तत्काल विपक्षीहरूको नाममा कारण देखाउ आदेश जारी हुन सक्ने हो वा होइन ?

**अदालतको फैसला**

काठमाडौं तराई जोड्ने द्रुत मार्ग अन्तगर्त ललितपुर जिल्ला अन्तर्गतका जनताहरू मात्र नभई यस मार्गले ललितपुर, मकवानपुर र बारा समेतका जिल्ला समेट्ने । आयोजनाबाट प्रभावित हुने बासिन्दा पहिचान गर्दा ललितपुर जिल्ला अन्तर्गत पर्ने निवदेक संस्थामा आबद्ध जनता मात्र पर्ने नभई सबै जिल्लाका बासिन्दाको हित र सरोकार प्रतिविम्वित भएमा मात्र प्रस्तुत निवेदनमा प्रभावहित सार्वजनिक जनताको सार्थक सम्बन्ध र तात्विक सरोकार सिद्ध हुने । आयोजनाबाट प्रभावित हुने अन्य जिल्लाका स्थानीय सर्वसाधारणको संलग्ता विना निवेदकहरूकै निवेदन दाबीका आधारमा मात्र यस आयोजनाले असर पुर्याउने सम्पूर्ण सर्वसाधारण जनताको सार्थक सम्बन्धको प्रतिनिधित्व गर्न नसक्ने । साथै रिट निवदेनमा के कुन ठाउँका जग्गालाई मुआब्जा बापत के कति क्षतिपूर्ति दिनुपर्ने हो, नेपाल सरकारले के कति दिएको कारण न्यायपूर्ण हुन सकेन भन्ने जस्ता वस्तुगत आधार एवं आँकडाहरू निवदेनमा उल्लेख नगरेकोले विपक्षीहरूको नाममा कारण देखाउ आदेश जारी गर्ने नपर्ने र रिट निवेदन खारेज हुने भनी फैसला भएको छ ।

# परिच्छेद - चार

# अध्ययन विश्लेषण

### ४.१ विकास आयोजनामा देखिएको चुनौति

राष्ट्रिय गौरवका आयोजनाहरू अध्ययन विश्लेषण गर्नुपर्दा काठमाडौं-तराई-मधेस द्रुतमार्ग खर्च प्रगति सुस्त रहेको देखिन्छ। नेपाली सेनाको निर्माण व्यवस्थापन रहेको यो आयोजनाको १ अर्ब २१ करोड ३० लाख रूपैयाँ बजेटमध्ये १३ दशमलव ८४ प्रतिशत खर्च भएको हो। आयोजनामा निर्माण गर्नुपर्ने सुरूङको ठेक्का अझै हुन सकेको छैन। पुल निर्माणका लागि पनि ठेक्का हुन नसक्दा आर्थिक वर्ष २०७८/७९ भित्र आयोजना सम्पन्न हुने अवस्था देखिन्न। यस आयोजनाका पछाडि डीपीआर स्वीकृतिमा भएको अनुचित ढिलाई, संसदमा केही समयसम्म विचाराधीन रहनु आदि हुन। नेपाली सेनाले पाएको ठेक्का पुनः अर्को कम्पनीलाई ठेक्का दिइनु, भौतिक पूर्वाधार मन्त्रालयले समेत उक्त ठेक्का अर्को कम्पनीलाई दिने जस्ता प्रश्नले गर्दा आयोजनाको कार्य गर्न थप विलम्ब भएको देखिन्छ।

त्यसैगरी उक्त आयोजनाअन्गर्गतको सुरूङ मार्ग निर्माणका लागि सक्षम बोलपत्रदाता छनोट गर्ने क्रममा अनियमिता भएको भन्दै उजुरी परेको थियो। सक्षम बोलपत्र छनोटका क्रममा पूर्वयोग्यता निर्धारण सम्बन्धी टेण्डर प्रक्रियामा अनियमिता भएको भन्दै उजुरी परेको थियो। पूर्वयोग्यता निर्धारणको बोलपत्र भएको, सो बोलपत्रमा २०-२१ वटा अन्तर्राष्ट्रिय कम्पनीका दरखास्त परेकोमा सेनाले २ वटा कम्पनीलाई छनोट भई सोही विषयमा उजुरी परेको थियो। उक्त उजुरीको प्रतिवाद गर्दै नेपाली सेनाले आयोजनाको सुरूङ निर्माणका लागि बोलपत्रदाताको पूर्वयाग्यता निर्धारणको प्रक्रिया विधिसम्मत नै रहेको, सार्वजनिक खरिद ऐनअनुसार पारदर्शी, आयोजनाको हितमा पूर्वयोग्यता निर्धारण गरिएको दाबी गर्दै आइरहेको छ।

त्यसका अतिरिक्त निर्धारित समयमै काम सम्पन्न गर्ने उद्देश्यले तराई मधेस द्रुतमार्ग आयोजना विवाद भएको स्थानबाट स्थानान्तरण भई विवाद नभएको क्षेत्र केन्द्रित भएको छ। द्रुतमार्ग अन्तर्गत ललितपुरको खोकनातर्फ सडक विस्तारले सांस्कृतिक सम्पदा र संस्कृति मासिने , मुआब्जा विवाद सुल्झाउन गाह्रो परेपछि निजगढतर्फ काम अगाडि बढाइएको छ। तराई मधेश द्रुतमार्गको सुरूङमार्गको सुरू बिन्दु खोकना हुँदै काठमाण्डौ-मकवानपुर-बारा जिल्लासम्मको ७२.५ कि.मि सडकमा पहाड कटिङ र माटो फिलिङको काम, वाल, बक्स, कल्भर्ट, बेलिब्रिज लगायत संरचना निर्माण कार्य सम्पन्न भएता

पनि खोकना लगायत केही क्षेत्रमा जग्गा अधिग्रहणबारे उठेका विवाद समाधानका लागि छलफल भइरहेको अवस्था छ ।

### ४.२ विकास आयोजना प्रति अदालतको धारणा

नेपालको संविधानको धारा ५१(च) मा राज्यका विकास सम्बन्धी नीति अन्तर्गत विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिदै सन्तुलित, वातावरण अनुकुल, गुणस्तरीय तथा दिगोरूपमा भौतिक पूर्वाधारको विकास गर्ने समेतको अवधारणा समावेश गरिएको छ। यद्यपि विकास आयोजनाहरूको सफल कार्यान्वायनको विषय सरकारको एक्लो जिम्मेवारी नभई समष्टिगत प्रक्रिया हो र यसमा राज्यका सबै निकायहरू जस्तै- व्यवस्थापिका, कार्यपालिका, सरकारी संगठन, निकाय, उपभोक्ता र नागरिक समाजसँगै न्यायपालिकाको भूमिका पनि प्रत्यक्षरूपमा गाँसिएको हुन्छ । न्यायपालिकाले सुशासन प्रवर्धन गर्न, कानूनको शासनलाई समर्थन गर्न फैसला र घोषणाहरूको माध्यमबाट सामाजिक र विकासात्मक विचारका बीचमा उचित सन्तुलन सुनिश्चित गर्दै देशभित्र समग्र विकासको लागि महत्वपूर्ण भूमिका खेल्दछ र त्यसो गर्ने क्रममा न्यायालयको भूमिका केवल 'विवाद समाधान' मात्र नभएर समाजमा विद्यमान 'विरोधाभासी चासो' (Conflicting Interest) लाई सन्तुलनमा राख्ने समेत हुन्छ । यस अर्थमा भन्दा न्यायिक संस्थाहरू सञ्चालन हुने तरिकाले देशको अर्थ, प्रशासन र विकासमा पनि प्रभाव पार्दछ ।

माथि विवेचना गरिएका विकास आयोजनाहरूसँग सम्बन्धित मुद्दाहरूमा न्यायपालिकाले Seperation of Power र Check & Balance को अवधारणालाई आत्मसात गरेको पाइन्छ । लिखित संविधानद्वारा राज्य सञ्चालन हुने संवैधानिक व्यवस्थाबाट शासित राष्ट्र भएको कारण कार्यकारीणी को domain भित्र पर्ने काममा न्यायालयले अनावश्यक हस्तक्षेप गर्न नमिल्ने भनी व्याख्या गरेको छ। सोही सिद्धान्तबाट निर्देशित भई माथि उल्लेखित मुद्दामा विद्युत् ऐन र नियमावलीले विद्युत् विकासको लागि आह्वान गरिएको Developer हरूको प्रस्ताव मूल्याङ्कन सम्बन्धमा कानूनले कुनै कार्यविधि नतोकेको हुँदा विद्युत् विकासको सम्बन्धमा विद्युत् ऐन, २०४९ को दफा ४ बमोजिम पर्न आउने प्रस्ताव मूल्याङ्कन गर्ने सम्बन्धमा तय गरिने आधार र मापदण्ड weightage आदि नीतिगत प्रशासनिक कार्य भएकोले नेपाल सरकारलाई निवेदक लगायतका Developer हरूले प्रस्ताव गरेको विभिन्न Benefit मा कार्यदलले के कति अङ्क भार प्रदान गऱ्यो यी विशुद्ध नीतिगत र प्रशासनिक विषयमा अदालत प्रवेश गर्नु भनेको न्यायको मान्य सिद्धान्त विपरीत हुनजाने भनी स्पष्टरूपमा ठहर गरेको छ ।

त्यसैगरी विदेशी राष्ट्रबाट लिइने ऋणको औचित्यता, व्याज दर, ऋण भार परियोजनाको प्राविधिक पक्ष नेपाल र नेपालीलाई मर्का पर्ने विवादको मागदाबीको सन्दर्भमा अदालतले कानून वा संविधानमा आधारित विवादको मात्र निक्यौल गर्ने, सार्वजनिक सरोकारको सबै विवादको अदालतले न्यायिक

निरूपण नगर्ने भनी स्थापित गरेको छ। यसका अतिरिक्त राष्ट्रिय स्तरको परियोजनामा सूचनाको हकलाई स्थापित गर्ने गरी राष्ट्रियस्तरको परियोजनाको आर्थिक, सामाजिक, राजनैतिक पक्षसँग सम्बन्धित विभिन्न विषयहरूले सार्वजनिक रूपमा प्रभाव पारेको हुनाले सूचना माग्ने र परियोजनासँग सम्बन्धित दस्तावेजको प्रतिलिपी पाउने अधिकार निवेदकलाई हुने भनी फैसला गरेको पाइन्छ।

यसका साथै, राष्ट्रिय स्तरको आयोजनाहरूमा पर्न सक्ने अनावश्यक मुद्दाहरूलाई रोक्न र विकास निर्माणको कामहरूले गति लिने वातावरणको निर्माण गर्ने प्रयोजनार्थ सम्मानित सर्वोच्च अदालतले सार्वजनिक सरोकारको विषय बारे प्रष्ट्याएको छ। सबै जिल्लाका बासिन्दाको हित र सरोकार प्रतिविम्वित भएमा मात्र प्रस्तुत निवेदनमा प्रभावहित सार्वजनिक जनताको सार्थक सम्बन्ध र तात्विक सरोकार सिद्ध हुने। आयोजनाबाट प्रभावहित हुने अन्य जिल्लाका स्थानीय सर्वसाधारणको संलग्ता विना निवेदकहरूकै निवेदन दाबीका आधारमा मात्र यस आयोजनाले असर पुर्याउने सम्पूर्ण सर्वसाधारण जनताको सार्थक सम्बन्धको प्रतिनिधित्व गर्न नसक्ने भनी फैसला गरिएको अवस्था छ। यस्ता किसिमका फैसला विकास आयोजनाहरूमा सार्वजनिक सरोकारको विषय भनी पर्ने कयौं मुद्दाहरूलाई घटाउन मद्दत पुर्याउने छ।

# परिच्छेद - पाँच
# निष्कर्ष तथा सिफारिस

### ५.१ निष्कर्ष

नेपाल सरकारले अरूण तेस्रो जल विद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्ग निर्माण परियोजनाको प्राथमिकीकरण र विशेष महत्वका आयोजनामा वर्गीकरण गरी कार्यान्वयन गर्ने प्रयासलाई प्रशंसनीय तथा सराहनीय रूपमा लिन सकिन्छ। माथि उल्लेखित विभिन्न समस्या, त्यसले निम्त्याएका समग्र असर तथा प्रभावको लेखाजोखाका कारण यी आयोजनाहरू निर्धारित समयमा सम्पन्न नहुने निश्चित भएता पनि हालसम्म सम्पन्न भएको कार्यस्थितिलाई मूल्याङ्कन गर्ने हो भने यी आयोजनाहरूको समग्र कार्यान्वयन स्थितिलाई सन्तोषजनक मान्न सकिन्छ।

नेपाल सरकारबाट नेपाली सेनालाई प्राप्त जिम्मेवारी अनुरूप राष्ट्रको विकास र समृद्धिको लागि कोशेढुङ्गा सावित हुने राष्ट्रिय गौरवको यस काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना पारदर्शी एवं गुणस्तरीय रूपमा लक्षित समयमै सम्पन्न गर्ने गरी समष्टिगत कार्य योजना अनुसार हालको विश्वव्यापी कोभिड १९ महामारी, देशमा विद्यमान राजनितिक अस्थिरता लगायत विभिन्न चुनौतीको बाबजुद आयोजना निर्माण कार्यलाई तदारूकताका साथ अगाडि बढाइएको छ। नेपाल सरकारद्वारा निर्दीष्ट भए अनुरूप नेपाली सेना राष्ट्रिय गौरव एवं रणनीतिक महत्वको यस द्रुतमार्ग सडक आयोजना सफलतापूर्वक सम्पन्न गर्न कटिबद्ध रहेको निष्कर्ष निकाल्न सकिन्छ।

साथै रक्सोल/वीरगंजबाट काठमाडौंमा पैठारी हुने व्यापारिक सामानहरूको ढुवानी पथलैया-निजगढ-काठमाडौं खण्डमा बन्ने द्रुतमार्ग मार्फत गराउँदा समय तथा इन्धन बचत हुने र यसले गर्दा राष्ट्रिय अर्थतन्त्र सुदृढ बनाउन यस द्रुतमार्गले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ। बुट प्रणाली अन्तर्गत लगानीकर्ता/प्रबर्द्धक मार्फत लगानी जुटाई निर्माण तथा सञ्चालन गर्न अपनाइएको खरिद प्रकृया नितान्त नौलो भएकाले कानूनी ढाँचामा मिलाई विकास निर्माणको काम अगाडि बढाउने कार्य चुनौतिपूर्ण छ। साथै पर्याप्त जनशक्ति व्यवस्था नभएको तथा विज्ञहरूको सुझाव प्राप्त गर्न कठिनाई रहेको जस्ता प्रमुख समस्याहरू अझै व्यापक रहेको निष्कर्ष निकाल्न सकिन्छ। आयोजना निर्माणमा देखिएका माथि उल्लेखित समस्या सहित अन्य समस्याहरूको समाधानका लागि स्थानीय सरोकारवाला तथा विज्ञहरूसँग वार्ता गरी समस्या हल गर्ने प्रयासहरूको भइरहेको छ जुन कार्यलाई निकट भविष्यमा समेत निरन्तरता दिनुपर्ने देखिन्छ।

त्यसैगरी नेपाली सेनाले द्रुतमार्ग निमार्णका लागि कूल १५ हजार ४ सय १६ रोपनी जग्गा मुआब्जा दिने गरी जग्गा अधिग्रहण गरेको थियो । जसमध्ये काठमाडौं, ललितपुर, मकवानपुर र बारा जिल्लाका १५ हजार ३ सय १७ रोपनी जग्गाको स्थानीय चलन चल्तीको भाउमा कानूनी प्रक्रिया पूरा गरी मुआब्जा वितरण सम्पन्न भइसकेको छ । यस आयोजना अन्तर्गत अधिग्रहण गर्नको लागि प्रकाशित सूचना मध्ये हालसम्म ८४ प्रतिशत जग्गाको मुआब्जा लगिसकेको छ भने १६ प्रतिशत जग्गाको मुआब्जा सम्बन्धितहरूले लैजान बाँकी रहेको छ। जस अनुसार मकवानपुर जिल्ला अन्तर्गतको ९९ रोपनी जग्गाको पुर्जा तयार भई सम्बन्धित जग्गाधनीहरूलाई मुआब्जा रकम वितरण गर्ने कार्य सम्पन्न भएको र खोकना ईलाकाको द्रुतमार्ग रेखाङकनमा परेका स्थानमा स्थानीय विवादको कारण जग्गा प्राप्तिमा बाधा परेको र सो सम्बन्धमा समस्या समाधानको लागि आवश्यक समन्वय तथा पहल भइरहेको छ । यसरी सम्र्रगमा हेर्दा आ.व २०७६।७७ मा जग्गा अधिग्रहण तथा मुआब्जा वितरण सम्बन्धी कार्यप्रगति सराहनीय रहेको छ ।

तसर्थ आयोजनाहरूको विश्वसनीयता र दिगोपनको लागि नागरिकहरूको भावना र अपेक्षाबाट अलग बस्न हुदैन। विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गरिनुपर्दछ र सोही अनुरूप सरकारको तर्फबाट दूरदर्शितापूर्ण तरिकाले समयमै आवश्यक निर्णयहरू अवलम्बन गर्दै स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित सबै पक्षबाट सुरक्षा तथा आयोजना प्रति सद्भावको वातावरण सृजना हुनु अत्यावश्यक छ ।

## ५.२ सिफारिस

नेपालका राष्ट्रिय गौरवका आयोजना निर्धारित समयमा सम्पन्न हुन नसकेको प्रशस्त दृष्टिान्त रहेकोमा अरूण तेस्रो जल विद्युत् आयोजना र काठमाडौं तराई मधेश द्रुतमार्ग निर्माण परियोजना समेत यसबाट अछुतो रहन सकेको देखिदैन। अरूण तेस्रो र काठमाडौं तराईको परियोजनाबाट नेपालमा आर्थिक साधनको विनियोजन दक्षता र विशेष महत्वका आयोजनाहरूलाई साधन निश्चितताका लागि आयोजनाको प्राथमिकीकरणलाई आधारका रूपमा लिइदै आएको देखिन्छ।

यद्यपि सीमित स्रोतलाई योजनाको लक्ष्यसँग प्रत्यक्ष आबद्ध गराई विकास व्यवस्थापनलाई नतिजामुखी तथा व्यवहारमुखी बनाउन यस्ता आयोजना प्राथमिकीकरणको विशेष महत्व देखिन्छ । नेपाल सरकारले आवधिक विकास योजनाका लक्ष्यहरू हासिल गर्ने उद्देश्यले सञ्चालित विकास आयोजना तथा कार्यक्रमहरूको प्राथमिकताक्रम तोक्ने कार्यलाई संस्थागत गर्दै आइरहेको[27] भए तापनि यी आयोजनाहरूको उद्देश्य, समयावधि, लागत, अनुमान, अवस्थिति जस्ता विषयहरूमा सम्बन्धित

[27] राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा प्रगति, राष्ट्रिय योजना आयोग, मङ्सिर, २०७० को पृष्ठभूमिबाट आभार गरिएको ।

मन्त्रालयले यी आयोजनाहरूको नियमित समन्वय, त्रैमासिक तथा बार्षिक रूपमा प्राप्त हुने प्रतिवेदनको समीक्षा र प्रशासनिक सुपरीवेक्षण हुन आवश्यक रहेको छ, फलस्वरूप यस्ता आयोजनाले प्रभावकारी रूपमा कार्यसम्पादन गर्न दबाब सृजना हुन्छ र अन्ततोगत्वा आयोजनाको समग्र व्यवस्थापनमा सहयोग पुग्ने निश्चित देखिन्छ ।

निर्माण मोडालिटी (ढाँचा), विस्तृत परियोजना प्रतिवेदन, खरिद गुरूयोजना र लगानीको स्रोत जस्ता आयोजना निर्माण पूर्वकै चरणमा सम्पन्न हुनुपर्ने आधारभूत पक्षहरू समयमै टुंगो नलाग्दा आयोजनाको लागत बढ्ने र प्रतिफल प्राप्तिमा ढिलाई हुने गरेको छ । यसका अतिरिक्त सम्मानित अदालत समक्ष मुद्दा परी विचाराधीन हुँदा थप लागत बढेको निष्कर्ष निकाल्न मिल्छ । राज्यले एउटै जग्गाको, एउटै आयोजनाको र एउटै ठाउँको मुआब्जा दर रेट समेत आफ्नो अनुकुल फेरबदल गरेको, तथा मुआब्जाको रेट नयाँ कायम गर्ने वा पुरानो कायम गर्ने भन्ने दुविधा सम्बन्धमा एकरूपता ल्याउनुपर्छ । त्यसैगरी मुआब्जा वितरणको सम्बन्धमा अविलम्ब व्यवस्था गरिनु पर्छ ।

यस्ता प्रशासनिक एवम् न्यायिक जटिलताहरूको कारण साधन स्रोतको सही उपयोग हुनुको सट्टा स्रोत तथा साधनको क्षमतामा ह्रास समेत भएको देखिन्छ । अन्य आर्थिक सामाजिक असरहरू के के परेका छन् तिनको लेखाजोखा छैन। त्यसैले परियोजनाको कार्यान्वयनमा प्रशासनिक एवम् न्यायिक जटिलताहरूको कारण आयोजनाको समय र लागतमा पर्ने असरको बारेमा गरिने अध्ययनले भविष्यमा आयोजना व्यवस्थापनमा आउन सक्ने अवरोधहरू समाधान गर्ने उपयुक्त व्यवस्थापकीय एवम् प्राविधिक औजारहरूको बारेमा अवगत हुने र आयोजना प्रमुखले पूर्वसावधानीका उपायहरू अपनाउन सहज हुने देखिन्छ ।

अतः राष्ट्रिय गौरवको आयोजनाको सफल निर्माण तथा कार्यान्वयनका क्रममा देखापर्ने विवाद तथा समस्याहरूको दीर्घकालीन समाधानका लागि राजनितिक नेतृत्वले अभिभावकीय भूमिका खेल्नु आवश्यक छ र राष्ट्रको आर्थिक तथा समाजिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने यस्ता आयोजनालाई सरकारले अति उच्च प्राथमिकतामा राखी प्रशासनिक तथा न्यायिक जटिलताहरूको समाधानार्थ स्रोत र साधन विनियोजनामा प्राथमिकता राखी स्थानीयबासीहरूबाट आइरहेका मुआब्जा सम्बन्धी समस्यालाई समयमै पहिचान तथा समाधान गर्नु जरूरी देखिन्छ । आगामी दिनहरूको यस्ता किसिमका आयोजनाहरूको जिम्मा कुन संस्थालाई दिने सोको पहिचान गर्न अनुचित विलम्ब भएकाले यस्ता आयोजना व्यवस्थापनलाई नतिजाप्रति जवाफदेही गराउन उचित अभ्यास गर्नु उपयुक्त हुनेछ ।

# सन्दर्भ सामग्री


- नेपालको संविधान, २०७२
- जग्गा प्राप्ति ऐन, २०३४
- वतावरण संरक्षण ऐन, २०७६
- राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा प्रगति, राष्ट्रिय योजना आयोगको सचिवालय अनुगमन तथा मूल्याङ्कन महाशाखा, आश्विन, २०७२ ।
- Ashutosh Mani Dixit, National Study/Paper, Infrastructure Finance Strategies for Sustainable Development in Nepal, February 2017.
- राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय तथा प्रगति, राष्ट्रिय योजना आयोगको सचिवालय अनुगमन तथा मूल्याङ्कन महाशाखा, मङ्सिर, २०७० ।
- अरूण तेश्रो जल विद्युत् आयोजनाको विस्तृत विवरण, Arun III Hydro, GoLectures, available at [https://www.golectures.com/index.php?](https://www.golectures.com/index.php?)
- https://www.onlinekhabar.com/2014/11/211118 , के छ अरूण तेस्रो सम्झौतामा ?, २०७१ मंसिर १० मा प्रकाशित ।
- जुन १३, २०१८, द हिमालयन टाइम्स ।
- https://ekantipur.com/business/2021/04/02/161732657802489934.html , फास्ट ट्र्याकको सुरूङ ठेक्का विवादः दोस्रो प्याकेजको पीक्यू प्रक्रिया रद्द गर्न लेखा समितिको निर्देशन, प्रकाशित मिति चैत २०,२०७७ ।
- https://ekantipur.com/news/2021/03/28/161689541262445937.html , काठमाडौं तराई द्रुतमार्ग : खोकना छाडेर निजगढतर्फ काम, प्रकाशित मिति चैत १५, २०७७ ।
- काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजनाको प्रगति विवरण ।
- https://ekantipur.com/business/2020/12/15/160799668375765613.html
- https://www.karobardaily.com/news/134043 द्रुतमार्ग दोस्रो प्याकेजको ठेक्का रद्द गर्न निर्देशन, प्रकाशित मिति चैत्र २०, २०७७
- https://clickmandu.com/2019/01/73686.html , अरूण तेस्रो पीडितहरूको चेतावनी : उचित मुआब्जा नदिई सुकुम्बासी बनाए कडा कदम चाल्छौ, क्लिकमान्छु, २०७५ माघ १७ गते प्रकाशित ।

- अरूण सरोकार मञ्च केन्द्रीय अध्यक्ष डा. इन्द्रमणि राईसँग गरेको अन्तरवार्ताको क्रममा लिइएको ।
- स्थानीय संघर्ष समितिका जिल्ला संयोजक नयन्द्र नामसुङ राईसँग गरेको अन्तरवार्ताको क्रममा लिइएको ।
- केन्द्रीय संघर्ष समितिका संयोजक जनी कुमार राईसँग गरेको अन्तरवार्ताको क्रममा लिइएको ।
- https://hamrakura.com/news-details/97972/2021-03-26 फास्टट्र्याकको सुरूङ जेठबाट खनिँदै, चार वर्षमा पूरा हुने, प्रकाशित मिति चैत १३, २०७७ ।
- https://ekantipur.com/business/2021/03/30/161706862181657807.html
- लेखा समितिको सभापति कल्याणीकुमारी खड्कासँग गरिएको अन्तरवार्ताको अशं ।

*Government of Nepal*

**National Planning Commission**

**Singha Durbar, Kathmandu**

**Phone: +977 - 1- 4211970**

**Fax: +977 - 01 4211700**

**Email: npc@npc.gov.np**